# आप्रवासी महिला कामदारहरुको आर्थिक सुरक्षा अभिवृद्धि तथा उनीहरु विरुद्ध हुने हिंसालाई सम्बोधन गरी सुरक्षित आप्रवासन सुनिश्चित गर्न स्थानीय शासनको उत्तरदायीत्व

महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय
श्रम तथा रोजगार मन्त्रालय
र
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा
प्रस्तुत गरिएको ।

प्रस्तोताः

प्रा. चन्द्रा भद्रा, पि.एचडी.
परामर्शदाता

मितिः १५ मार्च २०१३

# विषय तालिका


| विषय | पृष्ठ नं. |
|---|---|
| प्रस्तावना........................................................................ | ३ |
| अध्ययनका निष्कर्षहरु............................................................... | ८ |
| पुनःएकीकरण कार्यक्रमको असर................................................... | १२ |
| पुनःएकीकरण कार्यक्रमका असल प्रयोगहरु र सिकिएका पाठहरु.............. | २५ |
| स्थानीय शासनको तयारी र स्वामित्व............................................ | २७ |
| स्थानीय शासनको क्षमता अभिवृद्धिको आवश्यकता............................. | २८ |
| प्रस्तावित नमूना कार्यक्रम............................................... .... | २९ |
| नमूना कार्यक्रम परिचालनको निम्ति रणनीतिक सुझावहरु...................... | ३९ |

## आप्रवासी महिला कामदारहरुको आर्थिक सुरक्षा अभिवृद्धि तथा उनीहरु विरुद्ध हुने हिंसालाई सम्बोधन गरी सुरक्षित आप्रवासन सुनिश्चित गर्न स्थानीय शासनको उत्तरदायीत्व

### प्रस्तावना

वैदेशिक रोजगार अत्यधिक नेपाली परिवारहरुको जीविकोपार्जनको आधार भएको कुरा सर्वविदितै छ । सन् २०१२ को नोभेम्बर महिनामा प्रकाशित राष्ट्रिय मानव अधिकार आयोगको प्रतिवेदनमा जनाइए अनुसार सन् २०११ मा कुल गार्हथ्य उत्पादनमा २३.५ % वैदेशिक रोजगारको योगदान थियो[1] । त्यस्तै सन् २०११ को नेपाल जीवनस्तर सर्वेक्षणको तथ्याङ्क अनुसार वैदेशिक रोजगारबाट नेपालमा भित्रिने विप्रेषण विगत १५ बर्षमा ३० गुणाले वृद्धि भएको छ, जो सन् १९९५/९६ मा रु. ७ अर्ब थियो भने सन् २००४/०४ मा रु. ३५ अर्ब र सन् २०१०/११ मा २०८ अर्ब पुगेको पाइयो । त्यस्तै केन्द्रीइ तथ्याङ्क विभागले प्रकाशित गरेको “नेपालको तथ्याङ्कीय झलक २०६८” मा आ.ब. २०६७/६८ मा विप्रेषणको रकम रु. २३१ अर्ब भनी जनाइएको छ । यसरी नेपाली अर्थतन्त्रमा विप्रेषणको योगदान यतिका परिमाणमा पुऱ्याउने आप्रवासी नेपालीहरुको संख्या पनि उत्तिकै मात्रामा बढेको पाइन्छ । नेपाली पुरुषहरुको साथसाथै नेपाली महिलाहरु पनि वैदेशिक रोजगारमा जाने क्रम बढदो छ । आधिकारिक रुपमा वैदेशिक रोजगार विभागले लैङ्गिक खण्डिकृत तथ्याङ्क सन् २००६/०७ देखि उपलब्ध गराउदै आएको छ, जस अनुरुप सन् २००६/०७ देखि सन् २०११/१२ सम्म ५७,००० महिलाहरु वैदेशिक रोजगारमा आवद्ध छन् । तरै पनि यस आधिकारिक तथ्याङ्कले आप्रवासी नेपाली महिलाको वास्तविकता उजागर गर्दैन भन्नेहरुमा राष्ट्रिय मानव अधिकार आयोग पनि पर्दछ, जसले यो कुरा माथि उल्लिखित प्रतिवेदनमा व्यक्त गरेको छ । राष्ट्रिय योजना आयोगको सन् २०११ को एक प्रतिवेदन अनुसार २००,००० नेपाली महिलाहरु वैदेशिक रोजगारको निम्ति आप्रवासनमा रहेका छन् जो कुल आप्रवासी नेपाली कामदारहरुको ८-१०% हुन जान्छ[2] ।

*तर लैङ्गिकताको कारणले वैदेशिक रोजगारमा जाने महिला र पुरुषको स्थिति फरक छ ।*

माथि उल्लिखित आधिकारिक तथ्याङ्क र वास्तविक तथ्याङ्कमा यति ठुलो भिन्नता हुनु पनि नेपालमा विद्यमान “आप्रवासनको महिलाकरण” का विशिष्ठ अवस्थाहरुको कारण हो । यी विशिष्ठ अवस्थाहरुमा विशेषतः आप्रवासी कामदारको रुपमा महिलाको पहिचान अनि वैदेशिक रोजगारको वाध्यतामा उनीहरुको जनसांख्यिक, सामाजिक तथा आर्थिक परिस्थिति; वैदेशिक रोजगारमा महिलाहरुको आप्रवासन संख्या तथा लैङ्गिक अनुपातमा बढ्दो क्रम; उनीहरुले लिने आप्रवासनका बाटाहरु; आप्रवासन लगानीको निम्ति उनीहरुले खोज्ने र पाउने ऋणका श्रोतहरु; वैदेशिक रोजगारमा उनीहरुको गन्तव्य मुलुक र उनीहरुले गर्ने काम; विप्रेषण स्थानान्तर गर्ने माध्यम तथा घरपरिवारमा उनीहरुको विप्रेषणको प्रयोग आदि छन् ।

अधिकांश आप्रवासी महिला कामदारहरु गाँउघरबाट गैरकानुनी श्रम दलालहरुको फन्दामा परी अनियमित बाटोबाट देश बाहिरिने हुनाले आप्रवासी कामदारको रुपमा राज्यको पहिचानबाट ओझेलमा रहेका छन् । त्यसैको कारणले नै आधिकारिक तथ्याङ्क र वास्तविक तथ्याङ्कमा त्यतिको फरक पाइएको हो ।

*आप्रवासी कामदारको रुपमा अदृश्य रहँदा “आर्थिक योगदानकर्ता” को रुपमा पनि आप्रवासी महिला कामदारहरु राज्यको नगरमा अदृश्य नै रहन्छन् ।*

[1] NHRC. (2012). Foreign Labor Migration and Trafficking in Persons in Nepal: A Situational Analysis. Kathmandu: National Human Rights Commission.

[2] NPC and IOM (2011) Policy Review: Analysis of Polices of Labor Migration and their Implementation (Kathmandu: National Planning Commission of Nepal and International Organization for Migration).

अधिकांश आप्रवासी महिला कामदारहरुले वैदेशिक रोजगार चयन गर्नुको मुख्य कारण नै गरिबी हो र विशेषत: स्वदेशमा भरपर्दो रोजगारीको अभावले नै हो । आप्रवासी महिला कामदारहरु प्राय:जसो विवाह भइसकेका तथा ससाना बालबालिकाका आमाहरु हुन्छन् । आफ्ना नाबालकहरुको भविष्य उज्ज्वल बनाउन यी आमाहरु अधिकतम सामाजिक तथा मानवीय मूल्य चुकाएर विदेशिएका हुन्छन् । आप्रवासी महिला कामदारहरु आफ्नो घरपरिवारको आश्रयबाट बाहिरिए पछि मात्र महिला विरुद्धको हिंसाको जोखिममा पर्दछन् भन्ने साधारण अनुमान विपरीत विभिन्न अनुसन्धानहरुले बारम्बार उजागर गरेको अर्को तितो सत्य के छ भने, नेपाली आप्रवासी महिला कामदारहरुलाई विदेशतिर धकेल्ने एक मुख्य कारक तत्व नै घरेलु हिंसा हो । तर दु:खको कुरो धेरैजसो आप्रवासी महिला कामदारहरु आप्रवासनको अवस्थामा पनि कार्यस्थलमा विभिन्न प्रकारका हिंसाबाट पिडित भएको पाइयो भने, पुनरागमन पछि पनि पुनर्स्थापनाको समयमा समाज तथा घरपरिवारभित्र विभिन्न किसिमका हिंसाबाट प्रताडित बनिरहेका हुन्छन् ।

गएका बर्षहरुमा वैदेशिक रोजगारमा नेपाली महिलाहरुको जाने क्रम बढ्दो छ । माथि उल्लिखित कारणहरुले गर्दा नेपाली महिलाहरुको आप्रवासनबारे वास्तविक तथ्याङ्क नभएता पनि आधिकारिक तथ्याङ्कले वैदेशिक रोजगारमा पुरुषहरुको आप्रवासन दर घटेको देखायो । विज्ञहरुले यसको मुख्य कारण विश्व अर्थतन्त्रको आर्थिक मन्दी हो भनेका छन् । तर नेपाली महिलाहरु भने घरेलु कामदारको रुपमा विशेषत: खाँडी मुलुकहरुमा जाने हुनाले नेपाली महिला कामदारहरुको विदेशिने क्रम बढ्दो छ । एक त खाँडी मुलुकहरुमा विश्व अर्थतन्त्रको आर्थिक मन्दीले त्यति असर नपारेको, साथै यी देशहरुमा घरेलु कामदारको मागमा कमी नआएको हुनाले नेपाली महिला कामदारहरुको आप्रवासन दरमा त्यति असर परेन । अझ भन्ने हो भने विगत केही बर्ष यता खाँडी वरिपरिका अन्य मुलुकहरु जस्तै इजरायल, लेवनान्, जोर्डन, जस्ता देशहरुमा उनीहरुको जनसंख्यामा बढ्दो वयोवृद्ध व्यक्तिहरुको "शुश्रूषाजन्य सेवा" को लागि बढेको घरेलु श्रमको मागले नेपाली महिला कामदारहरुको आप्रवासन दर बढाएको छ ।

धेरैजसो आप्रवासी महिला कामदारहरु वैदेशिक रोजगारको निम्ति नेपालभन्दा बाहिरका मुलुकहरुबाट ( धेरै मात्रामा भारत र थोरै मात्रामा बंगलादेश) हवाइ यात्रामा जाने गर्दछन् । अधिकांश यी महिलाहरुलाई आफ्नो देश नेपालबाट पनि हवाइजहाज चढेर गन्तव्य मुलुकमा पुग्न सकिन्छ भन्ने ज्ञान समेत छैन । माथि उल्लेख गरिए अनुरुप गैरकानुनी श्रम दलालहरु गाँउ गाँउमा पुगी अतिशय गरिबी र घरेलु हिंसामा परी जोखमपूर्ण अवस्थामा रहेका महिलाहरुलाई निशाना बनाई, उनीहरुलाई गैरकानुनी तरिकाले भर्ती गर्ने र गैरकानुनी रुपमा भारतको बाटो भई विदेश लैजाने गर्दछन् । यसरी गैरकानुनी बाटोबाट विदेशिने क्रममा, "संस्थागत आधार" नभई विशेषत: "आफ्नै मातहत" मा बाहिरिने आप्रवासी महिला कामदारहरु मानव तस्करी र बेचबिखनको शिकार बन्ने संभावना रहेको जिकिर मानव अधिकार आयोगको माथि उल्लिखित प्रतिवेदनले गरेको छ ।

औपचारिक श्रोतहरुबाट पाइने सहुलियत ऋणको अभावमा धेरैजसो आप्रवासी महिला कामदारहरु अत्यधिक ब्याजदरमा स्थानीय साहुकारहरुबाट ऋण लिन वाध्य देखिन्छन् । यसले गर्दा कतिपय आप्रवासी महिला कामदारहरु बँधुवा मजदुर जस्तो बनी अतिशय विषम परिस्थिति झेलेर पनि वैदेशिक रोजगारमा उन्मुख छन् । जसको नतिजामा कतिपय आप्रवासी महिला कामदारहरुले मानसिक सन्तुलन गुमाउने, मानव तस्करी तथा बेचबिखनका शिकार बन्ने, वैवाहिक सम्बन्ध बिखण्डन हुने र बेघर हुनेसम्म भएको छ[घ] ।

माथि उल्लेख भएझैं अधिकतम नेपाली आप्रवासी महिला कामदारहरुको गन्तव्य मुलुक खाँडी क्षेत्र र त्यस वरपरका देशहरुमा पर्दछन् । त्यहाँ उनीहरु घरपरिवारको बन्द चारदिवारभित्र घरेलु कामदार, शिशु स्याहार वा वृद्ध स्याहार जस्तो "शुश्रूषाजन्य सेवा" को काममा संलग्न रहन्छन् । कतिपय यी खाँडी मुलुकहरुमा घरेलु कामदारहरु त्यहाँ रहेको

[3] "सैकडा ५ मा जाँदैछन् सुन्तलीहरु" and "शुल्क लिनुस् सेवा दिनुस्" in *Himal Patrika* (1-31 Asoj 2066) and also visit < http://www.telegraphnepal.com/national/2011-12-14/nepal:-womens-remittance-and-its-development-nexus.html>

"कफाला" श्रम प्रणालीभित्र रहन वाध्य हुन्छन्; जुन अवस्थामा महिला कामदारहरु मानव अधिकार तथा श्रम अधिकारमा आँच आउने विभिन्न प्रकारको हिंसाका शिकार हुन्छन् ।

माथि उल्लेख भएका जोखिमहरुको बाबजुद् पनि नेपाली आप्रवासी महिला कामदारहरु वैदेशिक रोजगारमा संलग्न रही आफ्ना विप्रेषणको प्रयोग घरपरिवारको आधारभूत आवश्यकताको परिपूर्ति गर्न तथा गरिबी न्यूनीकरण गर्ने खालका उपभोगमा खर्च गर्दछन् । यस बेला उल्लेख गर्नै पर्ने एउटा कुरा चाहिँ के छ भने, ***नेपाली आप्रवासी महिला कामदारहरु राज्यको नगरमा "आर्थिक यागदानकर्ता" को रुपमा अदृश्य छन् तर उनीहरुको विप्रेषणले राज्यले प्रतिवद्धता जनाएको कतिपय सहश्राब्दी विकास लक्ष्यहरु प्राप्त गर्न विशेषरुपमा योगदान दिइरहेको छ***[4] ।

आप्रवासी महिला कामदारहरुको वैदेशिक रोजगारको चयन वाध्यात्मक हो र यदि आफ्ना घरपरिवारको नजिक रही आमदानीका ढोकाहरु खुले घरपरिवारबाट टाडा नरहने इच्छा धेरैजसो फर्केर आएका आप्रवासी महिलाहरुले व्यक्त गरेको सन्दर्भमा, सन् २००९ - २०११ मा श्रम तथा रोजगार मन्त्रालय, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, अन्तर्राष्ट्रिय कृषि विकास कोष (इफाद) र यूएन् ओमनको सहकार्यमा "आप्रवासी महिला कामदारहरुको आर्थिक सुरक्षा" नामक एक नमूना परियोजना सम्पन्न भयो । त्यस परियोजनाका असल प्रयोगहरु र विभिन्न पाठ सिकाइहरुलाई आत्मसात गर्दै आप्रवासी महिला कामदारहरुको आर्थिक सुरक्षा, उनीहरु विरुद्ध हुने हिंसाका जोखिमहरुको न्यूनीकरण तथा उनीहरुलाई सुरक्षित आप्रवासन सुनिश्चित गरी आप्रवासी महिला कामदारहरुको आर्थिक सशक्तिकरणमा स्थानीय शासनको उत्तरदायित्वलाई मूर्तरुप दिन यस नमूना कार्यक्रमको प्रस्तावना गरिएको हो ।

आप्रवासी महिला कामदारका मुद्धा र सरोकारका विषयहरुलाई सम्बोधन गर्न स्थानीय शासनको उत्तरदायित्वको अनिवार्यता राज्यका विभिन्न प्रतिवद्धताहरुले गर्दछ । जसको विवरण तलका अंशहरुमा दिइएको छ ।

नेपालमा वैदेशिक रोजगारमा जाने आप्रवासी महिला कामदारहरुको सरोकारलाई राज्यको दायित्वको रुपमा आत्मसात गरी राष्ट्रियस्तरको एक नीतिगत सम्मेलन सन् २००३ मा भयो । यो सम्मेलनमा सरोकारवाला विभिन्न क्षेत्रगत निकायहरुको सहभागिता थियो जसमा आप्रवासी महिला कामदारहरुको अधिकार सुनिश्चित गर्न आप्रवासनका समष्ठिगत पक्षलाई समेटेर, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरोकारका नीति, कार्यक्रम, संस्थागत संरचना तथा पैरवी पहलहरुबारे निर्णय गरियो । जसमा हवाइअड्डामा "श्रम डेस्क" को स्थापना गर्ने; केही राजदूतावासहरुमा श्रम सहचरी वा महिला सहचरीको नियुक्ति गर्ने; राजदूतावास नभएका तर जो बढी नेपाली कामदारहरुको गन्तव्य मुलुक रहेका देशहरुमा कुटनैतिक नियोगहरु स्थापना गर्ने; आप्रवासी कामदारहरुको कल्याणार्थ वैदेशिक रोजगार प्रवर्धन बोर्डको स्थापना गर्ने; पूर्व प्रस्थान तालिम अनिवार्य गराउने; केही रोजगार मुलुकहरुसंग द्विपक्षीय सम्झौता गर्ने; मुख्य सरोकारवालाहरुलाई यस विषयमा सचेतना गराउने; संचारक्षेत्रलाई परिचालन गर्ने; तथा आप्रवासी महिला कामदारहरुको संगठन "पौरखी" को स्थापना गर्ने जस्ता सुझावहरुको कार्यान्वयन सराहनीय तवरले भएको छ । तथापि त्यसबेलाका केही अतिआवश्यकीय सुझावहरुको कार्यान्वयन हुन अझ बाँकी छ । जसमा स्थानीय निकायहरुमा अधिकार हस्तान्तरण गरी विशेषरुपमा आप्रवासी महिला कामदारहरुलाई प्रदान गरिने सेवाहरुको विकेन्द्रीकरण गरिनु पर्ने विषयहरु पर्दछन्, जस्तैः

- गाँउस्तरमा "परामर्श/सल्लाह डेस्क" को स्थापना;
- पूर्व-प्रस्थान तालिमको विकेन्द्रीकरण;
- तथ्याङ्क संकलन संयन्त्रको स्थापना, अनिवार्य दर्ता र अनुगमन संयन्त्रको बन्दोबस्त;
- जिल्लास्तरमा संचारमाध्यमको परिचालनद्वारा व्यापक जनचेतना अभिवृद्धि;
- सुरक्षित आप्रवासनको सहजीकरण गर्न स्थानीय विकास अधिकृतहरु, सामुदायिक विकास अधिकृतहरु तथा स्थानीय नेताहरुलाई यस विषयमा सचेतना गराउने; तथा

[4] Bhadra, C. (2007). International Labour Migration of Nepalese Women: The Impact of Their Remittances on Poverty Reduction. Bangkok: UN/ESCAP/ARTNeT.

- पुन:एकीकरण कार्यक्रमको लागि लगानी विकास योजना तर्जुमा, उद्यमशीलता विकास तालिम तथा स्थानीय बैंकहरुको क्षमता अभिवृद्धि गर्ने ।

नेपालले सन् १९९१ मा संयुक्त राष्ट्र संघको "महिला विरुद्ध हुने सबै प्रकारका भेद्भाव उन्मूलन गर्ने महासन्धी" को विनाशर्त अनुमोदन गरी यस महासन्धीको राज्यपक्ष बनेको छ । जस अनुरुप नेपालको वैदेशिक रोजगार नीति तथा ऐन र नियमावलीहरुलाई सन् २००५ मा पारित यस महासन्धीको साधारण सुझाव २६ (सा.सु. २६) को पालना गर्न वाध्यकारी गराउछ । यस सा.सु. २६ ले विशेषत: लैङ्गिकतामा आधारित भेद्भाव विरुद्ध आप्रवासी महिला कामदारहरुको अधिकारको सुरक्षा गर्न राज्यको दायित्वको बोध गराउदै यस अन्तर्गत राज्यको अभिलेखमा प्रमाणीकरण नभएका आप्रवासी महिला कामदारहरु पनि पर्दछन् भनी स्मरण गराउछ । नेपालको सन्दर्भमा सा.सु. २६ को कुरा गर्दा, निम्न विषयहरु सान्दर्भिक छन् ।

- आप्रवासी महिला कामदारका महत्वपूर्ण अधिकार हनन्मा 'उमेर' को हदबन्दी; वित्तृय, शारीरिक, यौनजन्य वा मानसिक दुर्व्यवहार; फर्केर आए पछि पुन:स्थापनाको अवस्थामा चुकाउनु पर्ने नैतिक मूल्य र परिवार विखण्डनको दोषारोपण आदिलाई यस दस्ताबेजले विशेष जोडको साथ राज्य पक्षको ध्यान आकर्षण गर्दछ ।
- आप्रवासी महिला कामदारलाई वैदेशिक रोजगारको मौका प्रदान गर्न, सुरक्षित आप्रवासनको प्रवर्तन गर्न तथा उनीहरुको अधिकारको सुरक्षा सुनिश्चित गर्न, सा.सु. २६ ले राज्य पक्षलाई समानता तथा अविभेद्को आधारमा अधिकारमुखी नीति निर्माण गर्न सुझाव गर्दछ जसले गर्दा आप्रवासनका सबै पक्ष र चरणहरु नियमितरुपमा सुव्यवस्थित तवरले कार्यान्वयन गर्न सकियोस् (धारा २ (क) र (ख)) ।
- यसको अलावा सा.सु. २६ ले नीति निर्माण, कार्यान्वयन, अनुगमन तथा मूल्यांकनमा आप्रवासी महिला कामदार तथा सम्बन्धित गैरसरकारी संस्थाहरुको सक्रीय संलग्नता गराउनु पर्ने सुझाव राज्य पक्षलाई दिन्छ (धारा ७ (ख)) ।
- त्यस्तै धारा ३ ले आप्रवासी महिला कामदारको अधिकार प्रवर्तनको निम्ति उपयुक्त नीति निर्माण गर्दा आप्रवासनका विभिन्न चरणमा आप्रवासी महिला कामदारले भोग्नु पर्ने समस्या र उनीहरुको आवश्यकता पहिचान गर्न संख्यात्मक तथा गुणात्मक अनुसन्धान गरिनु पर्ने सुझाव दिन्छ ।
- साथै तालिम तथा आप्रवासन कार्यक्रमहरुको विकेन्द्रीकरण मार्फत महिलाहरुको पहुँच सुनिश्चित गरी यी कार्यक्रहरुमा प्रभावकारीता ल्याउन सुझाव दिन्छ ।

माथि उल्लिखित सा.सु. २६ को पालनाको अलावा आप्रवासनका विभिन्न चरणमा हुने नेपाली आप्रवासी महिला कामदारहरु विरुद्ध विद्यमान हिंसाका चुनौतीहरुलाई सम्बोधन गर्न यस महासन्धीको साधारण सुझाव १९ (सा.सु. १९) को पालना पनि संगसंगै हुन जरुरी छ । सा.सु. १९ लैङ्गिकतामा आधारित महिला विरुद्ध हुने हिंसाको निषेधात्मक, प्रतिकारात्मक तथा निराकरणात्मक सुझावहरुको संगालो हो ।

नेपालले "महिला विरुद्ध हुने सबै प्रकारका भेद्भाव उन्मूलन गर्ने महासन्धी" को चौथो तथा पाँचौं आवधिक प्रतिवेदन संयुक्त राष्ट्र संघको मुख्यालयमा सिड समिति समक्ष सन् २०११ को जुलाई महिनामा प्रस्तुत गऱ्यो । आप्रवासी महिला कामदारहरुसंग सरोकार राख्ने सिड समितिका निष्कर्ष रायहरु निम्न हुन् र राज्य पक्षको रुपमा यी निष्कर्ष रायहरुलाई सम्बोधन गर्न नेपाल नैतिक तथा कानुनी तवरले बाध्य हुन्छ ।

- आप्रवासनका कारणहरुको खोजी गरी महिलाहरुलाई देशभित्रै रोजगार तथा स्वरोजगारको मौकाको सृजना गर्ने र महिलाहरुलाई ऋणको प्रावधान गर्ने;
- आप्रवासनका सम्पूर्ण चरणहरुमा सुरक्षित आप्रवासन प्रवर्तन गर्ने संयन्त्रको स्थापना गरी महिलाहरुको रोजगार तथा पेशाको चयनको अधिकारको सुरक्षा र परिपूर्ति गर्ने;
- स्तरीय पूर्व प्रस्थान अभिमुखीकरण तथा शीप तालिमको मापदण्ड लागु गरी यसको लगातार अनुगमन गर्ने;
- रोजगार मुलुकसंग द्विपक्षीय सम्झौताद्वारा रोजगारको दौरानमा गन्तव्य मुलुकमा हुने आप्रवासी महिला कामदारहरु विरुद्धको हिंसालाई सम्बोधन गर्ने संयन्त्रको स्थापना गरी आप्रवासी महिला कामदारहरुको सुरक्षाको पर्याप्त प्रावधान गर्ने;

– अन्याय विरुद्ध उपचारको चेष्टा गर्ने आप्रवासी महिलाहरुलाई सहयोग प्रदान गर्ने;
– फर्केर आएकाहरुलाई वैकल्पिक जीवनोपार्जनको मौकाको सृजना गरी उनीहरुको पुन:एकीकरणको प्रवर्तन गर्ने;
– वैदेशिक रोजगारको नाममा गैरकानुनी तवरले भर्ना गरी मानव तस्करीमा संलग्न अपराधीहरु उपर मुद्धा दायर गरी दण्ड सजाय गर्ने ।

माथि उल्लिखित आवधिक प्रतिवेदन प्रस्तुति र सिड समितिले निष्कर्ष रायहरु दिएको समयमा अन्तर्राष्ट्रिय कृषि विकास कोष (इफाद) को वित्तिय सहयोग र युएन् ओमनको तत्वावधानमा "आप्रवासी महिला कामदारको आर्थिक सुरक्षा" तथा सि.एम्.एफ्. नेपालको तत्वावधानमा "आप्रवासी कामदारको बचत तथा वैकल्पिक लगानी प्रवर्तन" का दुइवटा परियोजनाहरु संचालन भइसकेका थिए ।

यसको एक बर्ष अघि सन् २०१० को अक्टोबर महिनामा ढाका, बंगलादेशमा आयोजित वेईजिङ्ग संस्मरणको दक्षिण एशियाली मन्त्रीस्तरीय सातौं क्षेत्रीय सम्मेलनले पारित गरेको ढाका घोषणापत्रमा सदस्य राष्ट्रहरुले यूएन् ओमनप्रतिको विश्वासलाई सुदृढ गर्दै महिला विरुद्धको हिंसा तथा महिलाको आर्थिक सुरक्षालाई सम्बोधन गर्न यूएन ओमनलाई प्राविधिक, कार्यक्रम सम्बन्धी तथा संस्थागत सहयोगको अपिल गरे । यसै दौरानमा महिलाको आर्थिक सशक्तीकरण र महिला विरुद्धको हिंसा बीच रहेको अन्तरसम्बन्धको समक्षा गर्न सरकारी पहलमा भएको सबैभन्दा ठूलो कार्यकमको निरिक्षण गर्ने सदस्य राष्ट्रहरुको सामुहिक सम्झौता पनि भयो । यस सम्झौतालाई कार्यान्वयन गर्न नेपालमा महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, श्रम तथा रोजगार मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय र यूएन् ओमनको सहकार्यमा आप्रवासी महिला कामदारको आर्थिक सशक्तीकरण र महिला विरुद्धको हिंसा बीच रहेको अन्तरसम्बन्धको समिक्षा गर्न तथा आप्रवासी महिला कामदारहरुको आर्थिक सुरक्षा अभिवृद्धि तथा उनीहरु विरुद्ध हुने हिंसालाई सम्बोधन गरी सुरक्षित आप्रवासन सुनिश्चित गर्न स्थानीय शासनको उत्तरदायीत्वको नमुना कार्यक्रम तर्जुमा गर्ने तय भए अनुरुप यस अध्ययन प्रतिवेदनमा निम्न तीन भाग संलग्न छन् ।

- आप्रवासी महिला कामदारको आर्थिक सशक्तीकरण र महिला विरुद्धको हिंसा बीच रहेको अन्तरसम्बन्धबारे अध्ययनको नतिजा;
- सन् २००९ - २०११ मा सम्पादन गरिएको "आप्रवासी महिला कामदारहरुको आर्थिक सुरक्षा" नमूना परियोजना/"पुन:एकीकरण कार्यक्रम" को असल प्रयोग तथा त्यसबाट सिकिएको पाठको असर मापन; तथा
- आप्रवासी महिला कामदारहरुको आर्थिक सुरक्षा अभिवृद्धि तथा उनीहरु विरुद्ध हुने हिंसालाई सम्बोधन गरी सुरक्षित आप्रवासन सुनिश्चित गर्न स्थानीय शासनको उत्तरदायीत्वको नमुना कार्यक्रम र यस कार्यक्रम परिचालनको निम्ति रणनीतिक सुझावहरु ।

## अध्ययनका निष्कर्षहरु

आप्रवासी महिला कामदारको आर्थिक सशक्तीकरण र महिला विरुद्धको हिंसा बीच रहेको अन्तरसम्बन्धको अध्ययन गर्न फर्केर आएका आप्रवासी महिला कामदारहरुसंग सर्वेक्षण तथा समुह छलफल गरी संख्यात्मक तथा गुणात्मक तथ्याङ्क संकलन गरियो । साथै सन् २००९ - २०११ मा सम्पादन गरिएको “आप्रवासी महिला कामदारहरुको आर्थिक सुरक्षा” नमूना परियोजनाको असर मापन गरियो । यी तथ्याङ्क र अध्ययन निष्कर्षहरुको सारांश निम्न अनुसार छन् ।

**घरेलु हिंसाको स्थिति**

आप्रवासी महिलाहरु आप्रवासनको क्रममा घरपरिवारबाट बाहिर निस्किए पछि मात्र हिंसाको जोखिममा पर्दछन् भन्ने साधारण धारणाको विपरीत सर्वेक्षण गरिएका अधिकांश आप्रवासी महिला कामदारहरुले आफ्नो घरभित्र नै विभिन्न थरीको हिंसामा परेको कुरा उल्लेख गरे । यसको पुष्टि तलको तालिकाले गर्दछ ।

**आप्रवासनको विभिन्न चरणमा भएका घरेलु हिंसाका प्रकार (उत्तरदाताको प्रतिशत)**

| | आप्रवासन पूर्व नै रहेको | आप्रवासन वा पुनरागमन पछि पनि रहेको | पुनःएकीकरण पछि झनै बढेको |
|---|---|---|---|
| वैवाहिक बलात्कार | ३४ | १३ | १५ |
| कुटपिट तथा लछारपछार | ५९ | ३८ | ४० |
| गाली गलौच | ७२ | ५४ | ५४ |
| हेलाहोचो | ६९ | ४६ | ४९ |
| परिवारमा जाँडरक्सीको कुलत | ६२ | ३५ | ३४ |
| परिवारमा तासजुवाको कुलत | ४७ | २९ | ३२ |
| पतिद्वारा बहुविवाह | २१ | | ४६ |
| पतिद्वारा परित्याग | २५ | | २० |
| बिना सहमती सम्त्रन्ध विच्छेद | १२ | | १६ |

आप्रवासी महिलाहरु विरुद्ध हुने माथि उल्लिखित घरेलु हिंसाका मुख्य पीडक नै उनीहरुको पति भएको पाइयो । घेरैजसो अवस्थामा घरेलु हिंसा नै महिलाहरुलाई आप्रवासन तर्फ उन्मुक गराउने मुख्य कारक तत्व रहेको पनि पाइयो । त्यसमा पनि पतिद्वारा बहुविवाह, परित्याग तथा पारपाचुके भएको कारण महिलाहरु माथि परेको बालबच्चाको रेखदेख र पालनपोषणको जिम्मेवारी बहन गर्न पनि महिलाहरु वैदेशिक रोजगार रोज्न बाध्य भएका छन् । घरगृहस्थीको अवस्थामा पनि पतिद्वारा शारीरिक, मानसिक, भावनात्मक तथा सामाजिक हिंसाको शिकार भएका महिलाहरु वैदेशिक रोजगारको शरण लिई हिंसाबाट उन्मुक्तिको चाहना राखेको पाइयो । जसको प्रमाण सुन्सरी जिल्लाकी यस महिलाको तलको कथनले गर्दछः

> ***मैले अहिले गरिरहेको उद्यमको आमदानी वैदेशिक रोजगारको कमाइ भन्दा घेरै नै बढी छ तर म फेरि विदेश जान चाहन्छु । दिनरात त्यो लोग्ने भनाउँदाको कुटाइ खाएर के घर बस्नु ?***

साथै पतिद्वारा बहुविवाह, परित्याग र बिना सहमति सम्बन्ध विच्छेद जस्ता हिंसा आप्रवासन पूर्व र आप्रवासन पछि दुवै अवस्थामा रहेको भएता पनि यस्ता हिंसाहरु समाज तथा छरछिमेकमा विशेष आप्रवासी महिलाहरु फर्केर आए पछि बढी प्रत्यक्षीकरण हुने हुनाले “महिलाको आप्रवासनले पारिवारिक विखण्डन गराउछ” भन्ने सोंचाइ भएको बुझिन्छ ।

| घरेलु हिंसाबारे महिलाका आवाजहरु |
| --- |
| • घरेलु हिंसा मेरो लागि वैदेशिक रोजगारमा जानु अघि पनि थियो फर्केर आए पछि पनि त्यतिकै छ; श्रीमान्ले बहुविवाह गरको र जाँडरक्सी खाएर कुटपिट गालीगलौच गर्छ । <br>• श्रीमान्ले अर्को स्वास्नी ल्याएको र मलाई परित्याग गरेकै कारण म विदेशिएकी हुँ । <br>• आप्रवासन अघि पनि मेरो श्रीमान् मसंग झगडा गर्ने; फर्केर आए पछि पनि झगडा गरिरहन्छ । अझ फर्केर आए पछि त झनै बढी झगडा गर्छ । <br>• म गर्भवती भएको बेला मलाई परित्याग गऱ्यो । म मेरो छोरालाई पालनपोषण गर्न वैदेशिक रोजगारमा गए; उ अहिले नौ बर्षको छ । अहिले पनि त्यसले टेलिफोन गरेर मलाई गालीगलौच गरिरहन्छ । <br>• मेरो श्रीमान्ले मलाई सँधै कुटपिट गर्ने तथा लछारपछार पार्ने र म माथि मानसिक, भावनात्मक तथा यौनजन्य हिंसा गर्ने । वैदेशिक रोजगारबाट फर्केर आए पछि पनि केही परिवर्तन भएको छैन । अहिले म आफ्नो माइतीमा बस्न थालेकी छु । त्यसैले अहिलेको उद्यमबाट मेरो आमदानी निकै नै भएता पनि मलाई यहाँ बस्न मन छैन र म फेरि वैदेशिक रोजगारमा जान चाहन्छु। <br>• “पुनःएकीकरण कार्यक्रम” को तालिम पाएर राम्रो व्यापार चलेको भए पनि म फर्केर वैदेशिक रोजगारमा जान चाहन्छु । मेरो लोग्ने भनाउँदाको कुटाइ दिनरात खाएर बस्नु भन्दा त विदेशिनै बेश । |

**कार्यस्थलमा आप्रवासी महिला विरुद्ध हुने हिंसा**

सर्वेक्षणमा बारेइन, साइप्रस, दुबाइ, हङकङ, इजरायल, जापान, कुएत, लेबनान, मालद्वीप, ओमान, कतार, साउदी अरब तथा संयुक्त अधिराज्य (यू.के.) मा काम गरेर फर्केका आप्रवासी महिलाहरुले भाग लिएका थिए । जसमध्ये कतिपयले एक भन्दा बढी देशहरुमा पनि काम गरेका थिए । आप्रवासी महिला कामदारहरुले कार्यस्थलमा उनीहरुको श्रम अधिकार तथा मानव अधिकारमा आँच आउने तल उल्लिखित विभिन्न प्रकारका हिंसाको सामना गर्नु परेको पाइयो ।

**अधिकतम कार्यबोझः** बढी जसो आप्रवासी महिला कामदारहरुले अधिकतम कार्यबोझको कारणले दिनमा विश्राम गर्न तथा रातमा पर्याप्त सुत्न पाउदैनन् । विशेषतः घरेलु कामदारको रुपमा कार्यरत महिलाहरु यस किसिमको हिंसाबाट पिडित पाइयो । सर्वेक्षणमा भाग लिएका ९५% महिलाहरुले अधिकतम कार्यबोझ भएको बताएका थिए भने, ती मध्ये ६७% लाई उनीहरु माथि यो ज्यादती नै भएको लागेको थियो ।

**अपर्याप्त खानाः** धेरै जसो आप्रवासी महिला कामदारहरुले राम्रो खाना तथा पर्याप्त खाना नपाएको पाइयो । कतिपय महिलाहरुलाई त बचेखुचेको र जुठो खाना समेत खान बाध्य गराइएको पाइयो ।

**स्वास्थ्य तथा औषधी उपचारको अभावः** आप्रवासनमा रहँदा बिरलै मात्र महिलाहरुले बिरामी अवस्थामा स्वास्थ्य सेवा तथा औषधी उपचार पाएको बताए । पाए पनि आफ्नै खर्चमा उपचार गरेको बताए भने बिरामी परे पनि धेरैजसोले काम गर्न बाध्य भएको बताए । ती मध्येका एकजनालाई त बिरामी अवस्थामा पौरखी संस्थाले उद्धार गरी घर ल्याउनु परेको थियो ।

**उचित आवासको अभावः** घरेलु कामदारको रुपमा कार्यरत महिलाहरुले उचित किसिमको सुत्ने कोठा, ओड्ने, ओछ्याउने तथा पलङको बन्दोबस्त नभएको बताए । कतिपय अवस्थामा त कोठासम्म पनि नदिएको र घरभित्रको खुल्ला ठाँउमा राती सुत्न बाध्य भएको बताए । कतिपय अवस्थामा भने कोठा भएता पनि एउटा कोठामा पाँच/छः जनाले कोचाकोच गरी सुत्नु परेको बताए ।

**बिदाबाट वञ्चितः** जापान तथा संयुक्त अधिराज्य बाहेक अन्य देशहरुमा काम गरी फर्केका महिलाहरुले बिदा नपाएको बताए । यी महिलाहरु प्रायः सबै नै घरेलु कामदारको रुपमा कार्यरत थिए । बिदा नपाउनेमा ७९% महिला कामदार

थिए भने यी मध्ये पनि ६६% ले एकदिन पनि बिदा पाएनन् । बिदा नपाएका कारण यी  सबै महिलाहरु अत्यन्तै रुष्ठ थिए । उनीहरुलाई लाग्थ्यो बिदा भएको भए आफ्ना इष्टमित्रसंग भेटघाट गर्न मिल्थ्यो र विदेशमा रहे पनि नेपाली भाषामा कुरा गर्न पाइन्थ्यो । साथै बिदा पाइएको भए आफ्नो घरपरिवारसंग बराबर सम्पर्क गर्न सकिन्थ्यो ।

**परिवारसंगको सम्पर्कबाट वञ्चित:** धेरैजसो घरेलु कामदारहरु आफ्नो घरपरिवारसंग सम्पर्क गर्नबाट वञ्चित रहन्थे । कसै कसैले भने पाँच/छ: महिनामा एक चोटि सम्पर्क गर्न पाउथे भने बिरलैले महिनाको एक चोटि सम्पर्क गर्न पाउथे। तर यी महिलाहरुले आफ्नै खर्चमा सम्पर्क गर्नु पर्थ्यो । प्राय: सबै महिलाहरुले आफु विदेशमा रहँदा आफ्ना बच्चाबच्चीको धेरै नै याद आउने बताए । कतिपय महिलाहरुलाई लाग्दछ कि फर्केर आए पछि आफ्ना छोराछोरीहरु आफुबाट टाडिएको पनि विदेशमा रहँदा उनीहरुसंग बराबर सम्पर्क गर्न नपाएरै होला ।

**सम्झौता गरे अनुरुप ज्याला/तलब नदिने:** धेरैजसो महिला कामदारहरुले सम्झौता भए अनुरुप तलब नपाइएको गुनासो गरे भने कसै कसैले त रित्तै हात फर्कनुसम्म परेको बताए । तलब भुक्तानीको सम्बन्धमा महिलाहरुलाई आफ्नै दलालहरुले नै ठगेको महसुस भएको बताए । विभिन्न जिल्लामा गरिएको समुह छलफलको बेला महिलाहरुले श्रम बजारमा आफुहरु बारम्बार भेडा बाख्रा जस्तो बेचिएको अनुभव सुनाए । श्रम बजारमा सजावट गरी आफुहरुलाई लाइन लगाएर उभ्याइएको र घर मालिक मालिकनीले छानी छानी किनेको अनुभवले महिलाहरु मर्माहित भएको पाइयो।

**अपमान:** संयुक्त अधिराज्य र कतारमा काम गरी फर्केका महिलाहरु बाहेक अरु सबै महिलाहरुले आफुले कार्यस्थलमा अपमान सहनु परेको बताए । घरेलु कामदार साथसाथै अन्य आप्रवासी महिलाहरुले पनि विदेशमा रहँदा कार्यस्थलमा अपमानित भएको बताए । अपमान हुनुमा विशेषत: गरिबीको खिल्ली उडाउने, आफ्नो देशमा खान नपाएर त यहाँ आएको हो नि भन्ने, हामीले तिमीलाई किनेर ल्याएको त्यसकारण हामीले भनेको मान्नु पर्छ भन्ने, के तिमीहरुको देशमा पनि टेलिफोन छ र भनी हाँसो गर्ने, नेपालीहरुले यस्तो चिज देखेको छ ? खाएको छ ? भनी खिसी गर्ने...

**मौखिक तथा शारीरिक दुर्व्यवहार:** घरेलु कामदारहरुले मौखिक दुर्व्यवहार खप्नु त साधारण कुरा नै भएको पाइयो; विशेषत: घर मालिकनीबाट । हङकङ तथा जापान जस्तो देशहरुमा पनि महिला कामदारहरुले मौखिक दुर्बचन सुन्नु पर्थ्यो । शारीरिक दुर्व्यवहार भने मौखिक दुर्बचनको दाँजोमा कमैले सहनु परेको थियो । घरेलु कामदारहरु नै बढी शारीरिक दुर्व्यवहारको शिकार भएको पाइयो । भाषा नबुझिएको कारण काम बिग्रिए पछि मालिक मलिकनीहरु रिसाएर भौतिक रुपमा नै आइलाग्ने गर्दथे । त्यसैले घरेलु कामदार महिलाहरुले मौखिक तथा शारीरिक दुर्व्यवहारबाट बच्ने उपाय नै भाषा सिकेर मात्र वैदेशिक रोजगारमा जानु पर्ने बताए ।

**यौनजन्य दुर्व्यवहार:** सर्वेक्षणमा भाग लिएका आठजना महिलाहरुले यौनजन्य दुर्व्यवहारको शिकार भएको बताए; जो सर्वेक्षण गरिएका महिलाहरुको ११% प्रतिशत हो । दुई महिलाहरु आफुले काम गरेको घर बाहिर बलत्कारको शिकार भएको पाइयो; एकजनालाई ललाइफकाइ गर्भवती बनाएको पाइयो; दुईजनालाई आफ्नो मालिकले जबरजस्ती विवाह गर्ने प्रस्ताव राखेर दु:ख दिएको पाइयो भने तीनजना महिलाहरुलाई आफ्ना मालिकहरुले यौनजन्य दुर्व्यवहार गरेको पाइयो । ती मध्येका दुईजनालाई आफ्नै देशको नेपाली पुरुषहरुले यौनजन्य दुर्व्यवहार गरेको पाइयो । जसमा एकजनालाई जबरजस्ती करणी गरेको र अर्को एकजनालाई नेपाल फर्केर विवाह गरौला भनी गर्भवती बनाई नेपाल फर्के पछि बेपत्ता भएको पाइयो ।

**जबरजस्ती गर्भधारण:** माथि उल्लेख भए अनुसार दुईजना महिलाहरुले जबरजस्ती करणीको शिकार भई गर्भधारण गरेको बताए । जसमा एकजना आमा यसैकारणले आफ्नो परिवारबाट परित्याग गरिएकोले विकलाङ्ग नाबालकसंग एकल जीवन बिताउन बाध्य भइन् भने अर्की आमा आफ्नो माइतमा बसिरहेकी छन् ।

- *कार्यस्थलमा महिला विरुद्धको हिंसाको कुरा गर्दा आप्रवासी महिला कामदारहरुको "मर्यादित काम" जस्तो श्रम अधिकार तथा "श्रमिकको सम्मान" जस्तो मानव अधिकार दुवै हनन् भएको पाइयो ।*
- *घरेलु कामदारहरु कार्यस्थलमा घरभित्र मात्र होइन, घरदेखि बाहिर सार्वजनिक स्थलमा पनि असुरक्षित भएको पाइयो ।*
- *आप्रवासी महिला कामदारहरु विदेशी पुरुषहरुबाट मात्र यौनजन्य दुर्व्यवहारको जोखिममा होइन तर आफ्नै देशका पुरुषहरुबाट पनि जोखिममा परेको पाइयो; जसलाई महिलाहरुले आफ्नो भाषामा भन्दा, "आफ्नै देशका दाज्युभाइहरु बाट..." भन्दछन् ।*

**कार्यस्थलमा भएको हिंसाबारे महिलाहरुको आवाज**

- २२ घन्टा काम गर्नु पर्थ्यो । समयमा खान र सुत्न सम्म पाइदैनथ्यो । अबदेखि बरु खान नपाई मँरुला तर कहिले पनि कामको लागि विदेश जान्न । गिट्टी कुटेर भए पनि आफ्नै देशमा जीवन धान्नेछु ।
- वैदेशिक रोजगारमा जाने क्रममा मैले शारीरिक तथा मानसिक यातनाहरु सहनु पर्‍यो । म अचेत अवस्थामा घर फर्केर आए ।
- भाषा र शीप चाहिँ अनिवार्य जान्नु पर्ने रहेछ । हामी महिलाहरुलाई कार्यस्थलमा मौखिक र शारीरिक दुर्व्यवहारबाट जोगाउने हो भने हाम्रो सरकारले महिलाहरुलाई सित्तैमा भाषा र शीपको तालिम दिनु पर्दछ ।
- १८ घन्टा काम गरिन्थ्यो । हप्ताको एक दिन छुट्टी पाउनु पर्ने हो तर कहिले पनि पाइएन ।
- आफु सिकिस्त बिरामी पर्दा पनि घर मालिकले बिदा नदिए पछि "पौरखी/नेपाल" ले उद्धार गरेर घर ल्याइदियो ।
- कामको कठिनाइ भन्दा पनि बढी मलाई मेरो छोराको यादले सताउथ्यो, किनभने मैले उसंग कहिले पनि सम्पर्क गर्नु पाइन ।
- हाम्रो "राजा" (भनेको मतलब सरकार) ले हामीले काम गर्ने देशको राजासंग कुरा गरेर हामी जस्ताले काम गरेको घरहरुमा कामदारहरुलाई राम्रो व्यवहार गरेको छ कि छैन भनी बराबर पुलिसहरुलाई छानबिन गर्न लगाउनु पर्दछ ।

## पुनःएकीकरण कार्यक्रमको असर

सन् २००९ - २०११ मा सम्पादन गरिएको "आप्रवासी महिला कामदारहरुको आर्थिक सुरक्षा" नमूना परियोजना/"पुनःएकीकरण कार्यक्रम" को असल प्रयोग तथा त्यसबाट सिकिएको पाठको असर मापनको निष्कर्ष निम्न दुइ तहमा देखियो ।

- **"संस्थागत असर" को तह**: यस पुनःएकीकरण कार्यक्रमले केन्द्रीय तथा जिल्ला स्तरका सरोकारवाला विभिन्न सरकारी निकायहरुलाई आप्रवासी महिला कामदारका सरोकारलाई आफ्नो निकायको सीमित दायरा र कार्याधिकार भन्दा बाहिर प्रवेश गराई अन्तर-निकाय दृष्टिकोणको आत्मसात र सामुहिक स्वामित्व बहन गर्ने असल प्रयोगको सुरुवात गराएको पाइयो । यसको विस्तृत व्याख्या तलका अंशहरुमा प्रस्तुत गरिएको छ ।

- **"आप्रवासी महिला कामदारहरुको आर्थिक तथा सामाजिक परिवर्तन" को तहमा:**

पुनःएकीकरण कार्यक्रममा सहभागी भएका आप्रवासी महिला कामदारहरुमा यस कार्यक्रमले पारेको आर्थिक तथा सामाजिक असर र उनीहरुको पारिवारिक जीवनमा आएको परिवर्तनको मापन गरियो । जसको क्रमैसंग आर्थिक स्तरमा परिवर्तन, सामाजिक स्तरमा परिवर्तन, आप्रवासनको विभिन्न चरणमा महिला विरुद्धको हिंसाको स्थिति, आर्थिक सशक्तीकरण र महिला विरुद्ध हिंसा न्यूनीकरणको अन्तरसम्बन्ध, पुनःएकीकरण कार्यक्रमको असल प्रयोग र यसबाट सिकिएको पाठको रुपमा निम्न अंशहरुमा विस्तृत व्याख्या गरिएको छ ।

## संस्थागत असर

माथि उल्लेख भए अनुरुप विभिन्न सरकारी निकायहरुलाई यस कार्यक्रमले आफ्नो निकायगत कार्यविवरण र कार्यभारको सीमित दायराबाट बाहिर निकाली अन्तर-निकायगत दृष्टिकोण र सामुहिक स्वामित्व बहन तर्फ उत्प्रेरण गरेको पाइयो । बहुपक्षीय यी असरहरु निम्नानुसार छन् ।

### अन्तर-निकाय नीतिगत विमर्श र समन्वय

केन्द्रीइ स्तरमा निर्देशन समितिको गठन र जिल्ला स्तरमा उद्यम विकासको लागि जिल्ला सल्लाहकार समितिको गठनले अन्तर-निकाय विमर्श र समन्वय गर्ने काममा रणनीतिक भूमिका निभायो । केन्द्रीय स्तरमा नीतिगत समन्वय र जिल्ला स्तरमा कार्यक्रम कार्यान्वयनको निम्ति यी समितिहरुको ठुलो भूमिका रह्यो । निर्देशन समितिको अध्यक्षमा श्रम तथा रोजगार मन्त्रालयका सचीव तथा समितिका सदस्यहरुमा वैदेशिक रोजगार प्रवधन बोर्डका कार्यकारी निर्देशक, वैदेशिक रोजगार विभागका महानिर्देशक, अर्थ मन्त्रालयका प्रतिनिधि, गृह मन्त्रालयका प्रतिनिधि, परराष्ट्र मन्त्रालयका प्रतिनिधि, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका प्रतिनिधि, कानुन तथा न्याय मन्त्रालयका प्रतिनिधि, लैङ्गिक विशेषज्ञ श्री सपना मल्ल, आप्रवासन विशेषज्ञ श्री डा. गणेश गुरुङ, साथै पौरखी नेपालबाट एकजना र यूएन् ओमनबाट एकजना आमन्त्रित सदस्य थिए । त्यस्तै उद्यम विकासको लागि जिल्ला सल्लाहकार समितिको अध्यक्षमा महिला विकास अधिकृत तथा सदस्यहरुमा जिल्ला उद्योग वाणिज्य संघ, घरेलु तथा साना उद्योग कार्यालय, घरेलु तथा साना उद्योग विकास बोर्ड, पारालिगल समिति, नगरपालिका, पौरखी तथा निडका प्रतिनिधिहरु थिए ।

यसरी निर्देशक समितिले आप्रवासी महिला कामदारका मुद्धाबारे केन्द्रीयस्तरमा नीतिगत विमर्श गर्न विभिन्न सरकारी निकायहरुलाई पहिलो चोटि एउटै टेबुलमा ल्याइदियो । त्यस्तै जिल्लाका सल्लाहकार समितिहरुले पनि विभिन्न स्थानीय निकाय तथा नागरिक समाजका संघसंस्थाहरुलाई आप्रवासी महिलाका आर्थिक सशक्तीकरण तथा महिला विरुद्धको

हिंसाका मुद्धाहरुमा सामुहिक पहलकदमीमा एक जुट गराइदियो । जसले गर्दा आप्रवासी महिला कामदारहरु पर्याप्त विप्रेषण भित्र्याउने वर्गमा पर्ने र सम्पन्न छन्, त्यसैले उनीहरुको सरोकार माहिला तथा बालबालिका कार्यालयको कार्यविवरणभित्र नपर्ने मिथकलाई तोड्न सहयोग पुऱ्यायो । जिल्लास्तरको यो मिथक टुटाइको झल्को केन्द्रीयस्तरको कार्यक्रम तथा बजेट् विनियोजनमा पनि देखियो; फलस्वरुप आ.व. सन् २०१२/२०१३ को दोस्रो सत्रको बजेट् विनियोजनमा जिल्लाका महिला तथा बालबालिका कार्यालयहरुलाई आप्रवासी महिला कामदारहरुको सरोकार सम्बोधन गर्न कै लागि रु.२००,००० विनियोजन गरियो ।

**सरकारी तथा नागरिक समाज बीच विमर्श र साझेदारी**

लैङ्गिक विशेषज्ञ, आप्रवासन विशेषज्ञ तथा पौरखी (आप्रवासी महिला कामदारहरुको संस्था) जस्ता नागरिक समाजको निर्देशक समितिमा प्रतिनिधित्व रहेकोले आप्रवासी महिला कामदारहरुको मुद्धामा सरकारी तथा नागरिक समाज बीच बिचार विमर्श गर्ने वातारणको सृजना भयो । जसको फलस्वरुप आपसी विश्वासका साथ आप्रवासी महिला कामदारका समस्याहरुलाई सम्बोधन गर्न उत्साह र उर्जा दियो । आप्रवासी महिला कामदारहरुको संस्था भएको नाताले आप्रवासी महिलाका मुद्धामा प्रत्यक्ष ज्ञान रहे बापत कार्यान्वयन साझेदारको रुपमा “पौरखी” को पहिचान र कदर काठमाण्डौ, कास्की तथा सुनसरी तीनैवटा जिल्ला तथा गा.वि.स.हरुमा गरिएको पाइयो ।

आप्रवासी महिला कामदारका मुद्धाको सम्बोधन गर्न सरकारी तथा नागरिक समाजको अर्को उदाहरण यूरोपियन संघको सहयोगमा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय र पिपल्स फोरम, निड्स, पौरखी, प्रवासी नेपाली समन्वय समिति तथा सुरक्षित आप्रवासनको निम्ति राष्ट्रिय संजालको सहकार्य र साझेदारीमा संचालित “आप्रवासी कामदारहरुको अधिकारको सुरक्षा गर्दै वैदेशिक श्रम आप्रवासनको लाभलाई निरन्तरता दिने” परियोजना हो । जो जनवरी २०११ देखि जनवरी २०१३ सम्म संचालित भएको हो ।

**नीति, कार्यक्रम, बजेट् तथा संस्थागत विकास**

माथि उल्लेख भएको अन्तर-निकाय समन्वयनको फलस्वरुप आप्रवासी महिला कामदारहरुको पुनःएकीकरण कार्यक्रम सम्पन्न गर्न अर्थ मन्त्रालयले आ.ब. २०१०/२०११ मा वैदेशिक रोजगार प्रवर्धन बोर्डलाई एक करोड रुपियाँ विनियोजन गऱ्यो । त्यस्तै, सरकारी कोषको प्रयोग गरी “प्रभावकारी नीतिगत जवाबदेहीताद्वारा आप्रवासी महिला कामदारहरुको सशक्तीकरण” परियोजना श्रम तथा रोजगार मन्त्रालय र यूएन् ओमनको साझेदारीमा अक्टोबर २०१० देखि फेब्रुवरी २०१३ सम्म सम्पन्न भयो । साथै महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयले जिल्लामा महिला तथा बालबालिका कार्यालयको निम्ति “रातो किताब” मार्फत विनियोजन गरेको माथि उल्लिखित २००,००० रुपियाँ पनि सरकारीस्तरमा भएको पहलकदमीको अर्को उदाहरण हो ।

यस अन्तर-निकाय समन्वय र साझेदारीको स्वरुप केन्द्रीय र जिल्ला स्तरहरुमा विभिन्न समकक्षी निकायहरु बीच समतलीय आधारमा तथा एउटा क्षेत्रको उपल्लोस्तरदेखि जनस्तरसम्मका निकायहरु बीच श्रेणिगत आधारमा दुवै तरिकाले भयो । जसको फलस्वरुप गा.वि.स. स्तरमा आप्रवासी महिला कामदारको सरोकारलाई सम्बोधन गर्न “सामुदायिक सतर्कता समुह” गा.वि.स. सचीवको अध्यक्षतामा स्थापना गरियो । यस सामुदायिक सतर्कता समुहका सदस्यहरुमा सबै वडाको प्रतिनिधित्व गर्दै फर्केर आएका आप्रवासी महिला कामदारहरु, आप्रवासी कामदारका परिवारका सदस्यहरु, वडा नागरिक मञ्चका प्रतिनिधिहरु तथा राजनैतिक पार्टीका प्रतिनिधिहरु रहेका छन् । माथि उल्लिखित “आप्रवासी कामदारहरुको अधिकारको सुरक्षा गर्दै वैदेशिक श्रम आप्रवासनको लाभलाई निरन्तरता दिने” परियोजनाले यी सामुदायिक सतर्कता समुहहरुको परिचालन र क्षमता अभिवृद्धि १५ जिल्लाहरुमा गरेको छ ।

**पुनःएकीकरण कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षणमा साझेदारी**

२८ नोभेम्बर २०१२ देखि ३ डिसम्बर २०१२ सम्म अन्तर-मन्त्रालय टोलीहरुले पुनःएकीकरण कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण कास्की र सुनसरी जिल्लाहरुमा गऱ्यो । ती टोलीहरुमा श्रम तथा रोजगार मन्त्रालय, वैदेशिक रोजगार प्रवर्धन बोर्ड, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग, महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयको प्रतिनिधित्व थियो । यस अन्तर-मन्त्रालय टोलीहरुको संयुक्त अनुगमन तथा मूल्यांकनले एकातिर जनस्तरको वास्तविकताको ज्ञान सामुहिक रुपमा प्राप्त गर्न मद्दत गऱ्यो भने, अर्को तर्फ विभिन्न मन्त्रालय तथा निकायका अधिकृतहरुलाई आप्रवासी महिला कामदारका सरोकारको स्थानीयस्तरमा सम्बोधन गर्न आफुहरुले प्रत्यक्षीकरण गरेको तथ्यमा आधारित उपायबारे नीतिगत विमर्श गर्न मद्दत गऱ्यो ।

**मानव समसाधन विकासको आवश्यकताको महसुस र प्रशिक्षण सामग्रीको तर्जुमा**

आप्रवासी महिला कामदारका सरोकारमा अन्तर-निकाय नीतिगत विमर्श तथा अन्य क्रियाकलापहरुको अर्को परिणाम यी निकायहरुद्वारा आफ्ना कर्मचारीहरुको मानवीय समसाधन विकास गर्न प्रशिक्षण सामग्रीमा यस विषयको प्रवेश र व्याख्या गरेबाट प्रतिविम्बित हुन्छ । जस मध्ये केन्द्रीय तथ्याङ्क विभागको २०६७ मा प्रकाशित "लैङ्गिक समानता र सामाजिक समावेशीकरण उत्तरदायी राष्ट्रिय जनगणना-२०६८" को सन्दर्भ निर्देशिका; महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको "महिला सशक्तीकरण र नेतृत्व"; श्रम तथा रोजगार मन्त्रालय र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले सामाजिक परिचालकहरुका लागि तयार पारेको "सुरक्षित वैदेशकि रोजगारका लागि स्थानीय सुशासन र सामाजिक परिचालन - हाते पुस्तिका २०६८"; संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको "लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण जिल्लास्तरीय प्रशिक्षण" स्रोत पुस्तक - आश्विन २०६९; मिरेष्ट नेपालले स्थानीय सुशासनमा वडा नागरिक मञ्चको क्षमता विकासको लागि तयार पारेको "वडा नागरिक मञ्चः जानकारी पुस्तिका" आदि सामग्रीहरु हुन् ।












| |
|---|
| माथि उल्लिखित सबै श्रोत सामग्रीहरुमा वैदेशिक रोजगारमा महिला सहभागिता तथा आप्रवासी महिला कामदारका मुद्धाहरुको छलफल सराहनीय तवरले गरिएको छ । सामाजिक परिचालकहरुका लागि तयार पारेको "सुरक्षित वैदेशकि रोजगारका लागि स्थानीय सुशासन र सामाजिक परिचालन - हाते पुस्तिका २०६८" को भाग-दुई, अध्याय-चारको वैदेशिक रोजगारमा नेपाली महिलाका समस्याहरु आप्रवासी महिला कामदारका समस्याहरुबारे जानकारी गराउन र यी समस्याहरुलाई स्थानीयस्तरमा सम्बोधन गर्न धेरै सहयोगी देखिन्छ । |

## आप्रवासी महिलाहरुको आर्थिक र सामाजिक स्तर तथा पारिवारिक जीवनमा पारेको असर

पुन:एकीकरण कार्यक्रममा आबद्ध आप्रवासी महिलाहरुको जनसांख्यिक तथा आर्थिक स्थितिको विवरण तलको तालिकामा दिइएको छ ।

| | उत्तरदाता संख्या | न्यूनतम | उच्चतम | औसत |
|---|---|---|---|---|
| उमेर | ८३ | २१ | ५५ | ३५ |
| उद्यमशीलता विकासमा आबद्ध भएको समयावधी (महिना) | ८५ | १२ | ६० | ३५ |
| उद्यमको सुरुमा गरेको लगानी | ८५ | ७०० | ६००००० | ७७६४७ |
| हालमा भइरहेको महिनावारी आमदानी | ७८ | १५०० | ३५००० | १३८८५ |

### आर्थिक स्थितिमा परिवर्तन

आप्रवासी महिला कामदारहरुको आर्थिक स्थितिको जानकारी तलका तालिकाहरुमा केही तथ्याङ्कहरुको प्रस्तुतीद्वारा दिइएको छ ।

**वैदेशिक रोजगार रोज्नुको कारण**

| | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|
| गरिबी | ३५ | ४१.२ |
| घरेलु हिंसा | ३ | ३.५ |
| एकल अभिभावकको जिम्मेवारी | २ | २.४ |
| विदेश घुम्न मन लागेर | १३ | १५.३ |
| श्रीमान्को साथ लागेर | २ | २.४ |
| वेरोजगार भएको कारण | २८ | ३२.९ |
| सशस्त्र द्वन्दको कारण | २ | २.४ |
| कुल | ८५ | १०० |

**उद्यममा लगानीको श्रोत**

| | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|
| विप्रेषण | ३१ | ३६ |
| विप्रषण र गैर विप्रेषण दुवै | २८ | ३३ |
| गैर विप्रेषण | २६ | ३१ |
| कुल | ८५ | १०० |

**विप्रेषणको तुलनामा हालको आमदानी**

| | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|
| विप्रेषणभन्दा कम | २६ | ३१ |
| विप्रेषणको बराबर | २३ | २७ |
| विप्रेषणभन्दा बढी | ३६ | ४२ |
| कुल | ८५ | १०० |

माथिका तालिकाहरुबाट प्रष्ट हुँदछ कि प्रायः महिलाहरुले वैदेशिक रोजगार चयन गर्नुको मुख्य कारण गरिबी भएको र नेपालमा रोजगारीको अवसर नहुनु हो । त्यस्तै, उद्यमशीलता तालिम र उद्यमको सुरुवात गर्न सहयोग गरेर पुनःएकीकरण कार्यक्रमको मार्फत महिलाहरुलाई वैकल्पिक रोजगारको अवसर प्रदान गरिएकोमा; ३६% ले पूर्णरुपमा आफ्नो विप्रेषण प्रयोग गरी उद्यममा लगानी गरेको पाइयो भने, ३३% ले आफ्नो विप्रेषणमा गैर विप्रेषण श्रोत मिलाएर लगानी गरेको पाइयो । त्यस्तै ३१% ले भने पूर्णरुपमा गैर विप्रेषण श्रोतबाट लगानी गरेको पाइयो । आप्रवासी महिला कामदारहरुको विप्रेषण सापेक्षितरुपमा कमै हुने हुँदा कम लगानी पर्ने उद्यमहरुमा विप्रेषण नै पर्याप्त भएको पाइयो भने बढी लगानी पर्ने उद्यममा अपुग भएको पाइयो । तर कम लगानी पर्ने उद्यमबाट कम आमदानी हुने र बढी लगानी पर्ने उद्यमबाट बढी आमदानी हुने भएको पनि पाइयो । त्यसै अनुरुप ३१% महिला उद्यमीहरुको आमदानी विप्रेषणभन्दा कम भएको, २७% को आमदानी विप्रेषण बराबर तथा ४२% महिला उद्यमीहरुको आमदानी विप्रेषणभन्दा बढी भएको पाइयो ।

हालको आमदानीको रकमको परिमाण तथा वैदेशिक रोजगारको चयन बीचको अन्तरसम्बन्ध कस्तो रहेछ भनी तथ्याङ्कीय परिक्षण गरिएको नतिजा निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

| | | पुनः आप्रवासनमा जाने/नजाने | | **कुल उत्तरदाता संख्या** |
|---|---|---|---|---|
| | | जाने | नजाने | |
| **विप्रेषणको दाँजोमा हालको आमदानी** | विप्रेषणभन्दा कम | ७ (२७%) | १९ (७३%) | २६ |
| | विप्रेषणको बराबर | १ (४%) | २२ (९६%) | २३ |
| | विप्रेषणभन्दा बढी | ४ (११%) | ३२ (८९%) | ३६ |
| **कुल उत्तरदाता संख्या** | | १२ (१४%) | ७३ (८६%) | ८५ |

माथिको तालिकाले प्रष्ट पारे अनुसार यदि आप्रवासी महिला कामदारहरुले वैकल्पिक रोजगारका अवसरहरु पाएमा वैदेशिक रोजगार चयन गर्ने रहेनछन् । विप्रेषणभन्दा हालको आमदानी कमै भए पनि बढी संख्यामा महिलाहरुले आफ्नै गाँउ तथा घरपरिवारमा रहेर उद्यम गर्ने इच्छा प्रकट गरेको पाइयो । सामुहिक छलफलको समयमा उनीहरुले आफ्ना छोराछोरी तथा परिवार नजिक रहेर आमदानीको अवसर पाएकोमा ज्यादै हर्षित भएको बताए । माथिको तथ्याङ्क हेर्दा हालको आमदानी आफुले वैदेशिक रोजगारबाट कमाएको आमदानीभन्दा कम भएका २७% ले भेरि आप्रवासन रोज्नु स्वभाविकै देखिन्छ । तर विप्रेषणभन्दा बढी कमाइ भएका ११% महिलाहरुले किन पुनःआप्रवासनको इच्छा गरे त ? त्यो कुरा निकै नै विचारणीय छ । यहाँ महिलाहरुले घरेलु हिंसाबारे माथि उल्लिखित महिलाको आवाजको पुनःस्मरण गर्न सान्दर्भिक हुन्छ, **"पुनःएकीकरण कार्यक्रमको तालिम पाएर राम्रो व्यापार चलेको भए पनि म फर्केर वैदेशिक रोजगारमा जान चाहन्छु । मेरो लोग्ने भनाउँदाको कुटाइ दिनरात खाएर बस्नु भन्दा त विदेशिनै बेश ।"** यो तथ्याङ्क घरेलु हिंसा महिलाहरुलाई आप्रवासनतिर उन्मुख गर्ने एक प्रमुख कारक तत्व हो भन्ने कुराको प्रमाण हो ।

**आर्थिक सशक्तीकरणमा ल्याएको परिवर्तन**

पुनःएकीकरण कार्यक्रमले आप्रवासी महिलाहरुको आर्थिक सशक्तीकरणमा ल्याएको परिवर्तन मापन गर्न आर्थिक सशक्तीकरणका सूचकहरुको संगालो प्रयोग गरियो । जसमा "आमदानीको परिमाण"; "आमदानीको दीगोपन"; "उद्यमको आकार तथा दीगोपन"; "घर, जग्गा तथा अन्य पूँजीगत वस्तु जस्ता आर्थिक धनमालको स्वामित्व"; "आय तथा धनमालमाथिको नियन्त्रण"; "धनमालको उपयोग, किनबेच तथा ऋण लेनदेन आदिबारे निर्णय गर्ने शक्ति"; "आर्थिक आत्मनिर्भरता/आत्मविश्वास तथा आर्थिक स्वतन्त्रताको अनुभव" बारे सामुहिक छलफलहरु द्वारा प्राप्त नतिजा निम्नानुसार छन् ।

**आप्रवासी महिला उद्यमी समुहहरुको आर्थिक सशक्तीकरणबारे आत्मसमीक्षा**

| सूचक | समीक्षाको निष्कर्ष |
|---|---|
| आमदानीको परिमाण | • कसै कसैले थोरै मात्रामा भने पनि सबैले बढौती भएको बताए |
| आमदानीको दीगोपन | सशर्त<br>• चालु पूँजी उपलब्ध भएमा<br>• अहिले नै भन्न नसकिने किनभने यस्ता प्रयास सफल हुन समय लाग्ने र सामुहिक पहलको अनवरत आवश्यकता पर्ने<br>• हालमा कम आमदानी हुने लघुउद्यमको रुपमा मात्र दीगो हुने संभावना छ; त्यसैले पर्याप्त आमदानी र उद्यमको दीगोपनको लागि हालका लघुउद्यमहरुलाई बरोत्तरी गरी ठूलो बनाउन जरुरी छ |
| उद्यमको आकार तथा दीगोपन | सशर्त<br>• उद्यमहरु सबै नयाँ भएकाले अहिले नै भन्न गाह्रो छ<br>• चालु पूँजीको व्यवस्था गरिनु जरुरी छ - *(यो उत्तर चालु पूँजीको अभाव र बजार समस्याले केही उद्यमहरु असफल भएको अनुभवले आएको हो)*<br>• साथै हालको उद्यमहरुलाई बढावा गरिनु पनि जरुरी छ |
| घर, जग्गा तथा अन्य पूँजीगत वस्तु जस्ता आर्थिक श्रोतको स्वामित्व | • केही मात्रामा बढेको,<br>o खाना पकाउन र बत्तिको निम्ति सफा इन्धनको प्रयोग गर्न थालिएको (उदाहरणार्थ, ग्यासचुलो किनेको, घरमा बिजुली/तार जडान गरेको, आदि)<br>o कपडा बुन्ने तान तथा कपडा सिउने मेसिन आफ्नो लागि किनेको<br>o घरको मर्मत तथा सुधार गरिएको |
| आय तथा धनमालमाथिको नियन्त्रण | • उल्लेखनीय रुपमा बढेको |
| धनमालको उपयोग, किनबेच तथा ऋण लेनदेन आदिबारे निर्णय गर्ने शक्ति | • उल्लेखनीय रुपमा बढेको |
| आर्थिक आत्मनिर्भरता/आत्मविश्वास तथा आर्थिक स्वतन्त्रताको अनुभव | • उल्लेखनीय रुपमा बढेको |

**आर्थिक सशक्तीकरणको लागि आप्रवासी महिला उद्यमी समुहको अपेक्षा तथा सुझावहरु**

आप्रवासी महिला उद्यमीहरुले आफ्नो आर्थिक सशक्तीकरणको लागि गरेका अपेक्षा तथा सुझावहरु निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

| सुझाव | उत्तरदाता प्रतिशत |
|---|---|
| थप प्रशिक्षण | २४ |
| चालु खर्चको लागि ऋण सहयोग | १६ |
| कच्चा प्रदार्थ किन्न तथा उत्पादित वस्तु बेच्न बजार व्यवस्थामा सहयोग | १० |
| सामुहिक सौदाबाजीको निम्ति उद्यमीहरुको संगठन | ७ |
| महिलाको आर्थिक अधिकारबारे जनचेतना कार्यक्रम | ६ |
| महिला उद्यमशीलताबारे सल्लाहसुझावमा निरन्तरताको आवश्यकता | ५ |
| सबै ठीक छ/कुनै टिप्पणी नभएको | ३२ |

माथिको तालिकाले देखाए अनुसार झण्डै एकतिहाइ (३२%) महिलाहरुले उनीहरुको उद्यममा सबै ठीक रहेको वा कुनै टिप्पणी नभएको बताए । एकचौंथाइले (२४%) थप प्रशिक्षणको अपेक्ष गरेका र १६% ले चालु खर्चको लागि ऋण सहयोगको अपेक्ष गरेका थिए । विशेषतः ठुलो लगानी भएका उद्यमहरुको सुरुमा आफ्नो सबैजसो बचत खर्चिनु परेको, चालु खर्चको निम्ति रकम नभएको र ऋण सहयोग पनि प्राप्त नभएकोले कतिपय उद्यमहरु असफल भएको बताए । कतिपय भने बढी आमदानी हुने ठूलो उद्यम छोडेर कम आमदानी हुने तर चालु खर्च कम पर्ने ससाना उद्यममा संलग्न भएको पाइयो । बजार सहयोगको माग १०% थियो भने उद्यमीहरुको संगठनको सुझाव ७% को थियो । यी दुई माग र सुझाव एकाअर्कासंग सम्बन्धित छन् । उद्यमीहरुको संगठन भएमा कच्चा पदार्थको बजार र वस्तु बिक्रीको बजारमा "न्यायपूर्ण मूल्य" को निम्ति सामुहिक सौदाबाजी गर्न सकिने महिलाहरुको तर्क थियो । महिलाहरुले उनीहरुको आर्थिक अधिकारबारे जनचेतना कार्यक्रमको पनि माग गरे, विशेषतः आफ्नै परिवार तथा समुदायका सदस्यहरुबाट आफ्नो उद्यमशीलताको कदर नगरिएको बताए । कास्की र सुनसरीका आप्रवासी महिला उद्यमीहरुले समुह छलफलमा आफ्नै पतिहरुले सहयोग नगरेकोले पुनःएकीकरण कार्यक्रम पछि पनि उनीहरु मानसिक, भावनात्मक तथा आर्थिक हिंसाको शिकार हुनु परेको बताए । उद्यमशीलतालाई आर्थिक सशक्तीकरणको तहसम्म पुऱ्याउन थप प्रशिक्षण (२४% माग) र सल्लाहसुझावको निरन्तरता (५% माग) हुनु पर्ने उनीहरुको बिचार छ । साथै उनीहरुले आफ्नो आर्थिक सशक्तीकरण हासिल गर्न माथि सुझाव गरेका कुराहरु प्राप्त गर्ने अपेक्षा समेत राखेका छन् ।

**आप्रवासी महिला उद्यमीहरुले स्थानीय निकायहरुबाट राखेको अपेक्षा**

सर्वेक्षण गरी ८५ आप्रवासी महिला उद्यमीहरुलाई उनीहरुले आफ्नो आर्थिक सशक्तीकरणको लागि स्थानीय निकायहरुबाट के अपेक्षा राख्नुहुन्छ भनी सोधिएको थियो । आप्रवासी महिला उद्यमीहरुले राखेका अपेक्षाहरु निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**स्थानीय निकायका विभिन्न तहबाट आप्रवासी महिला उद्यमीहरुले राखेका अपेक्षाहरु (उत्तरदाताको प्रतिशत)**

| | वडा | नगरपालिका | गा.वि.स. | जि.वि.स. | **क्रमपंक्ति कुल** |
|---|---|---|---|---|---|
| बजारको सहयोग | ११.६ | १५.४ | १३.७ | १७.१ | **१४** |
| भाडा सहयोग | २.९ | ५.१ | २.७ | - | **३** |
| सहुलियत ऋण | १८.८ | २१.८ | २१.९ | १५.८ | **२०** |
| थप उद्यमशीलता प्रशिक्षण | ८.७ | १२.८ | ८.२ | ११.८ | **१०** |
| उद्यमशीलता प्रशिक्षणको निम्ति छुट्टै "आप्रवासी महिला बजेट" | १३.० | २१.८ | १७.८ | ३१.६ | **२२** |
| आप्रवासी महिला कामदारको आर्थिक अधिकारबारे जनचेतना | २१.७ | १६.७ | १७.८ | १७.१ | **१८** |
| उद्यमको दर्ता | १५.९ | १.३ | ९.६ | - | **७** |
| कृषि उद्यम सहयोग | २.९ | - | २.७ | - | **१** |
| उद्यमशीलता विकासको निम्ति फर्केर आएकाहरुको तथ्याङ्क | ४.३ | ५.१ | ५.५ | ६.६ | **५** |
| **स्तम्भपंक्ति कुल** | **१००** | **१००** | **१००** | **१००** | **१००** |

आप्रवासी महिला उद्यमीहरुले स्थानीय निकायहरुबाट धेरै कुराको अपेक्षा राखेका छन्, जसमा कुनै अपेक्षा आर्थिक छन् भने कुनै अपेक्षा सामाजिक पनि छन् । आर्थिक सूचक रहेका अपेक्षाहरुमा २२% "आप्रवासी महिलाको बजेट्", २०% "सहुलियत ऋण", १४% "बजारको सहयोग", १०% "थप उद्यमशीलता प्रशिक्षण", ३% "भाडा सहयोग" र १% "कृषि उद्यम सहयोग" छन् । कृषि उद्यम सहयोगको अपेक्षा कुल उत्तरदाता संख्याको एक प्रतिशत मात्र देखिएता पनि ध्यान दिनु पर्ने कुरा के छ भने उद्यमी महिलाहरुले वडा र गा.वि.स. बाट मात्र कृषि उद्यमको सहयोगको अपेक्षा

राखेका छन्; ती महिलाहरुको वास्तविक संख्या कम्तिमा पनि आठजना छ । जसलाई थोरै भनी नकार्न सकिन्न । निकै ठूलो संख्यामा आप्रवासी महिला उद्यमीहरुले (१८%) गैर-आर्थिक/सामाजिक अपेक्षा राखेका छन्; जसमा उनीहरुले स्थानीय निकायहरुद्वारा उनीहरुको आर्थिक अधिकारबारे जनचेतना अभिवृद्धिको अपेक्षा गरेका छन् । यसबारे माथिको अंशमा पनि व्याख्या गरिएको छ ।

समुह छलफलको समयमा युवा स्वरोगजार ऋणमा पहुँच, जिल्ला उद्योग तथा वाणिज्य संघसंग संलग्नता, "पौरखी महिला समुह" लाई महिला विकास कार्यक्रम अन्तर्गत महिला वचत तथा ऋण सहकारीमा परिचालन र सहुलियत भाडामा बजारस्थलको प्रावधान जस्ता आर्थिक अपेक्षाहरु सहभागी महिला उद्यमीहरुले व्यक्त गरे ।

- पोखरामा गरिएको समुह छलफलमा आप्रवासी महिला कामदारहरुले उत्पादन गरेको वस्तु तथा उनीहरुले प्रदान गर्ने सेवाको खरिदबिक्री गर्न पोखरा नगरपालिकाले "पौरखी आप्रवासी महिला बजार" को निम्ति विशेष स्थान तोकिदिनु पर्ने अपेक्षा राखे ।
- त्यस्तै, धरानमा आप्रवासी महिला उद्यमीहरुसंग गरिएको अन्तर सरकारी निकाय परामर्शमा नगरपालिका तथा जिल्ला सदरमुकामहरुमा आप्रवासी उद्यमीहरुको वस्तु तथा सेवाको किनबेच गर्न विशेष बजारस्थल तोकिएमा उनीहरुको आर्थिक सशक्तीकरणमा ठूलो सहयोग पुग्ने कुरा छलफलको विषय रह्यो ।

**सामाजिक स्थितिमा ल्याएको परिवर्तन**

विशेषतः व्यक्तिगत, पारिवारिक तथा सामुदायिक तहमा पुनःएकीकरण कार्यक्रमले ल्याएको परिवर्तनको लेखाजोखा गरियो । जसमा सर्वेक्षण गरिएको ३५% ले यस कार्यक्रमले उनीहरुको "आत्मविश्वास बढेको" बताए । काठमाण्डौ जिल्लाको एक समुहले आफुहरु संगठित भई "पौरखी आप्रवासी महिला उद्यमी समुह" को गठन गरे । उनीहरुले औपचारिक अवसर तथा महिनावारी मिटिङमा "हरियो र सेतो" रंगको एकैनासे कपडा लगाउने गरेका छन् । उनीहरुले समुदायका विभिन्न सामाजिक क्रियाकलापहरुमा पनि भाग लिने गरेका छन् र समुदायमा "हरियोमा सजिएका महिलाहरु" भनी सकारात्मक पहिचान पाएका छन् । यसले गर्दा उनीहरुलाई आफ्नो सामाजिक स्तर बढेको अनुभव भएको र समुदायमा आएको महिलाको सकारात्मक पहिचानको प्रतिबिम्ब प्रत्येक महिलाको परिवारभित्र पनि आएको बताए । यस समुहको जस्तो सामुहिक सशक्तीकरण र महिलाहरुमा आएको सकारात्मक परिवर्तन काठमाण्डौका अरु समुहहरु तथा अरु जिल्लाका समुहहरुमा देखिएन ।

**आप्रवासनका विभिन्न चरणमा महिला विरुद्धको हिंसाको स्थिति**

छः प्रकारका महिला विरुद्धको हिंसा मापन गरियो । जसमा शारीरिक हिंसा, मानसिक हिंसा, भावनात्मक हिंसा, यौनजन्य हिंसा, आर्थिक हिंसा तथा सामाजिक हिंसा रहेका छन् । यी हिंसाहरु मापन गर्ने विशेष लक्षणहरु निम्न छन्:

- **शारीरिक हिंसा** - कुट्ने पिट्ने, चोटपटक लगाउने, अंगभंग गर्ने, लछारपछार पार्ने ।
- **मानसिक हिंसा** - तर्साउने, धम्क्याउने, डर देखाउने, मानसिक तनावमा पार्ने, आत्महत्या गर्न उन्मुख गराउने ।
- **भावनात्मक हिंसा** - रुवाउने, रिस देखाउने, भावनामा घात गर्ने, खुसी हुन नदिने, हेलाहोचो गर्ने, गाली गर्ने ।
- **यौनजन्य हिंसा** - बलात्कार, यौन शोषण, जबरजस्ति वेश्यावृत्ति, जबरजस्ति गर्भधारण, गर्भधारण पछि परित्याग ।
- **आर्थिक हिंसा** - पैसा नदिने, पैसा खोसेर लिने, ऋणको नाममा धम्क्याउने, धनमाल जबरजस्ति खोस्ने, कामको जेला नदिने, बेचबिखनमा परेको ।
- **सामाजिक हिंसा** - वहुविवाह, परित्याग, छोरा छोरीको जिम्मा नलिने, सुत्केरीमा हेरचाह नगर्ने विरामीमा उपचार नगर्ने, विदेशबाट फर्केकोले घरपरिवार तथा समाजले नराम्रो नजरले हेर्ने, अनचाह बच्चाबच्चीको जिम्मा ।

माथि उल्लिखित हिंसाहरु आप्रवासनका विभिन्न चरण र पुनःएकीकरण कार्यक्रमको अघि र पछिको अवस्थामा मापन गरियो । जस्तै, "आप्रवासन पूर्व", "आप्रवासनको क्रममा", "आप्रवासनको अवस्थामा/कार्यस्थलमा", "फर्केर आए पछि", "पुनःएकीकरण कार्यक्रम अघि" र "पुनःएकीकरण कार्यक्रम पछि" । यसको उद्देश्य आप्रवासी महिला कामदारहरुको विरुद्ध हुने हिंसामा पुनःएकीकरण कार्यक्रमले पारेको असरको लेखाजोखा गर्नु हो ।

प्रत्येक हिंसालाई मापन गर्दा "नभएको", "केही मात्रामा भएको", "असह्य मात्रामा भएको" भनी तीन तहमा मापन गरियो । तथ्याङ्कीय विश्लेषण गर्न सांख्यिक मूल्य "१ = नभएको", "२ = केही मात्रामा भएको" र "३ = असह्य मात्रामा भएको" दिइयो । आप्रवासनका प्रत्येक चरण र पुनःएकीकरण कार्यक्रम अघि र पछिको अवस्थामा हरेक हिंसाको सांख्यिक विश्लेषणको "औसत मान" तलको तालिकामा प्रस्तुत गरिएको छ ।

| **आप्रवासी महिला विरुद्ध हुने हिंसाका प्रकार** | **आप्रासनको चरण तथा पुनःएकीकरण कार्यक्रमको अवस्था** | | | | | |
|---|---|---|---|---|---|---|
| | आप्रवासन पूर्व | आप्रवासनको क्रममा | आप्रवासनको अवस्थामा/कार्यस्थलमा | फर्केर आए पछि | पुनःएकीकरण कार्यक्रम अघि | पुनःएकीकरण कार्यक्रम पछि |
| शारीरिक हिंसा | १.४७ | १.२२ | १.४५ | १.३१ | १.३१ | १.१३ |
| मानसिक हिंसा | १.५२ | १.४७ | १.९३ | १.५२ | १.४९ | १.१८ |
| भावनात्मक हिंसा | १.६५ | १.४६ | २.१६ | १.६७ | १.५८ | १.२२ |
| यौनजन्य हिंसा | १.१४ | १.१२ | १.१४ | १.१३ | १.१३ | १.१२ |
| आर्थिक हिंसा | १.६१ | १.४१ | १.८८ | १.५९ | १.५१ | १.२८ |
| सामाजिक हिंसा | १.५९ | १.२६ | १.५१ | १.८२ | १.६५ | १.१६ |

माथिको तालिकामा हिंसा नभएको खण्डमा "औसत मान = १" हुनु पर्नेछ भने असह्य मात्रामा हिंसा भएको खण्डमा "औसत मान = ३" हुनु पर्नेछ । यस हिसाबले हेर्दा माथिको तालिकाबाट निम्न कुराहरु झल्कन्छन् ।

- पुनःएकीकरण कार्यक्रम पछिको अवस्थामा महिला विरुद्धका सबै प्रकारको हिंसामा कमी आएको देखिन्छ । तर कुनै पनि हिंसा निमिट्यान्न भने भएको पाइन्न ।
- शारीरिक तथा यौनजन्य हिंसाभन्दा बढी आप्रवासी महिलाहरु मानसिक, भावनात्मक, आर्थिक तथा सामाजिक हिंसाबाट पिडित देखिन्छन् ।
  - मुख्यतया घरपरिवारमा गालीगलौच तथा हेलाहोचो गरिइने, गरिबीको कारण र पैसा नभएकाले सधैं मानसिक तनाव भइरहने, पैसाकै लागि लोग्नेले कचकच गरिरहने, जाँडरक्सीको कुलतले शारीरिक हिंसा गर्ने, बहुविवाह तथा परित्यागमा परेको, छोराछोरीको जिम्मा एकल आमालाई परेको, आदिले आप्रवासन पूर्व पनि महिलाहरु मानसिक, भावनात्मक, आर्थिक तथा सामाजिक हिंसामा परेको देखिन्छ ।
  - त्यस्तै कार्यस्थलमा असह्यरुपमा गालीगलौच तथा हेलाहोचो गरिइने, कार्यस्थलमा छुट्टी नपाइने तथा परिवारसंग सम्पर्क गर्न नपाइने, कबुले जति तलब रकम नदिने वा कहिले कांही त खाली हात फर्कनु पर्नेसम्म भएकोले उनीहरु आफु मानसिक, भावनात्मक तथा आर्थिक हिंसामा परेको बताउछन् । *"महिलाको शरीरको वस्तुकरण" गरी वैदेशिक श्रम बजारमा भेडाबाखा जस्तो किनबेच भएको र मालिक-मालिकनीले "हामीले तिमीहरुको मूल्य तिरेर किनेका हौं" भन्ने शब्दप्रहारले आप्रवासी महिलाहरु ज्यादै नै मर्माहित भएको पाइयो ।*
  - यसको अलावा फर्केर आइसके पछि घरपरिवार तथा समाजले उनीहरुको "यौनिक शुद्धता" मा औला ठहराउने भएको र घरपरिवारभित्र आफ्नो वैदेशिक रोजगारको कमाइ अरुले सिध्याइदिएकोले आप्रवासी महिला कामदारहरुले मानसिक, भावनात्मक, आर्थिक तथा सामाजिक हिंसा बढी मात्रामा सहनु परेको पाइयो ।
  - पुनःएकीकरण कार्यक्रम पछि पनि मानसिक, भावनात्मक तथा आर्थिक हिंसाहरु रहिरहेको कारण सामुहिक छलफलहरुमा महिलाहरुले व्याख्या गरेको विवरण तल दिइएको तालिकामा छ ।
- आप्रवासन पूर्वको अवस्था मै महिलाहरु विरुद्ध सबै प्रकारका हिंसाको तीव्रता रहेको कुरालाई फेरि पनि जोड दिन जरुरी हुन्छ । महिलाहरुलाई आप्रवासन तर्फ उन्मुख गर्न घरेलु हिंसा कारक तत्व रहेको कुरालाई यस तथ्याङ्कले पनि पुष्टि गर्दछ ।

**आर्थिक सशक्तीकरण र महिला विरुद्ध हिंसा न्यूनीकरण बीचको अन्तरसम्बन्ध**

आर्थिक सशक्तीकरण र महिला विरुद्धको हिंसा न्यूनीकरण बीच रहेको सम्बन्धको संख्यात्मक लेखाजोखा गर्न तथ्याङ्कीय विश्लेषणहरु गरियो । जसमा हालको उद्यमबाट भएको आमदानीको चारवटा तहगत क्रम (१५००-५०००; ५००१-१००००; १०००१-२००००; २०००१-४००००) बनाएर "आर्थिक सशक्तीकरणको सट्टा सूचक" को रुपमा प्रयोग गरियो । यस सट्टा सूचकलाई पुनःएकीकरण कार्यक्रमको अघि र पछिको अवस्थासंग अन्तरसम्बन्धको तथ्याङ्कीय विश्लेषण गरिएको नतिजा तलको तालिकामा दिइएको छ ।

त्यस्तै, आप्रवासन पूर्वको अवस्था र पुनःएकीकरण कार्यक्रम पछि महिला विरुद्ध हिंसाको अन्तरसम्बन्धको पनि तथ्याङ्कीय विश्लेषण गरियो । जसको नतिजा पनि तलको अर्को तालिकामा दिइएको छ ।

तलका तालिकाहरु मध्ये पहिलो तालिकामा महिलाको आर्थिक सशक्तीकरण र महिला विरुद्ध हिंसा न्यूनीकरणको अन्तर सम्बन्धमा तथ्याङ्कीय सारगर्भिता पाइदैन भने आप्रवासन पूर्वको अवस्था र पुनःएकीकरण कार्यक्रम पछिको अवस्थामा महिला विरुद्ध हिंसामा उल्लेखनीय रुपमा न्यूनीकरण भएको तथ्याङ्कीय विश्लेषणले देखाउछ । त्यसकारण एक महत्वपूर्ण प्रश्न के छ भने **"यदि आर्थिक सशक्तीकरणसंग महिला विरुद्धको हिंसा न्यूनीकरणको प्रत्यक्ष अन्तरसम्बन्ध छैन भने त्यो के तत्व हो जसले यी महिलाहरुको सन्दर्भमा पुनःएकीकरण कार्यक्रम पछि हिंसामा सारगर्भिक रुपमा न्यूनीकरण ल्यायो** ?"

यो प्रश्नको जवाब तल प्रस्तुत गरिएको समुह छलफलको अर्को तालिका र महिलाको आवाजहरुको प्रस्तुतिबाट प्राप्त हुनेछ ।

**आर्थिक सशक्तीकरण र महिला विरुद्ध हिंसाको पुन:एकीकरण कार्यक्रम अघि र पछिको अवस्थामा अन्तर सम्बन्ध**

| **हिंसाका प्रकार/हालको आयको परिमाण** | पुन:एकीकरण कार्यक्रम अघि | | | पुन:एकीकरण कार्यक्रम पछि | | |
|---|---|---|---|---|---|---|
| शारीरिक हिंसाको स्थिति | नभएको | केही मात्रामा | असह्य मात्रामा | नभएको | केही मात्रामा | असह्य मात्रामा |
| १५००-५००० | १४ | २ | ० | १६ | ० | ० |
| ५००१-१०००० | १९ | १ | ० | १९ | १ | ० |
| १०००१-२०००० | २४ | १ | २ | २६ | ० | १ |
| २०००१-४०००० | ९ | २ | ४ | १५ | ० | ० |
| कुल | ६६ | ६ | ६ | ७६ | १ | १ |
| मानसिक हिंसाको स्थिति | नभएको | केही मात्रामा | असह्य मात्रामा | नभएको | केही मात्रामा | असह्य मात्रामा |
| १५००-५००० | १४ | १ | १ | १६ | ० | ० |
| ५००१-१०००० | १७ | ३ | ० | १८ | २ | ० |
| १०००१-२०००० | १७ | ३ | ० | २४ | १ | २ |
| २०००१-४०००० | ७ | ५ | ३ | १५ | ० | ० |
| कुल | ५५ | १५ | ११ | ७३ | ३ | २ |
| भावनात्मक हिंसाको स्थिति | नभएको | केही मात्रामा | असह्य मात्रामा | नभएको | केही मात्रामा | असह्य मात्रामा |
| १५००-५००० | १३ | २ | १ | १४ | २ | ० |
| ५००१-१०००० | १४ | ६ | ० | १७ | ३ | ० |
| १०००१-२०००० | १६ | ५ | ६ | २४ | ० | ३ |
| २०००१-४०००० | ५ | ६ | ४ | १५ | ० | ० |
| कुल | ४८ | १९ | ११ | ७० | ५ | ३ |
| यौनजन्य हिंसाको स्थिति | नभएको | केही मात्रामा | असह्य मात्रामा | नभएको | केही मात्रामा | असह्य मात्रामा |
| १५००-५००० | १५ | १ | ० | १६ | ० | ० |
| ५००१-१०००० | २० | ० | ० | २० | ० | ० |
| १०००१-२०००० | २६ | ० | १ | २६ | ० | १ |
| २०००१-४०००० | १५ | ० | ० | १५ | ० | ० |
| कुल | ७६ | १ | १ | ७७ | ० | १ |
| आर्थिक हिंसाको स्थिति | नभएको | केही मात्रामा | असह्य मात्रामा | नभएको | केही मात्रामा | असह्य मात्रामा |
| १५००-५००० | १३ | २ | १ | १५ | १ | ० |
| ५००१-१०००० | १८ | १ | १ | १७ | २ | १ |
| १०००१-२०००० | १६ | ४ | ७ | २१ | ४ | २ |
| २०००१-४०००० | ८ | ४ | ३ | १२ | ३ | ० |
| कुल | ५५ | ११ | १२ | ६५ | १० | ३ |
| सामाजिक हिंसाको स्थिति | नभएको | केही मात्रामा | असह्य मात्रामा | नभएको | केही मात्रामा | असह्य मात्रामा |
| १५००-५००० | ११ | २ | ३ | १४ | २ | ० |
| ५००१-१०००० | १८ | १ | १ | २० | ० | ० |
| १०००१-२०००० | १४ | ६ | ७ | २५ | ० | २ |
| २०००१-४०००० | ५ | ४ | ६ | १५ | ० | ० |
| कुल | ४८ | १३ | १७ | ७४ | २ | २ |

**पुनश्च:** माथिको तालिकामा आर्थिक सशक्तीकरण र महिला विरुद्ध हिंसाको पुन:एकीकरण कार्यक्रम अघि वा पछि कुनै पनि अवस्थाको अन्तरसम्बन्धमा तथ्यङ्कीय सारगर्भिता देखिदैन ।

**आप्रवासन पूर्व र पुनःएकीकरण कार्यक्रम पछिको अवस्थामा महिला विरुद्ध हिंसा न्यूनीकरणको अन्तरसम्बन्ध**

| **हिंसाको प्रकार** | **आप्रवासन पूर्व** | **पुनःएकीकरण कार्यक्रम पछि** | | | तथ्याङ्कीय सारगर्भिता (कायस्वायर) |
|---|---|---|---|---|---|
| शारीरिक हिंसाको स्थिति | | नभएको | केही मात्रामा | असह्य मात्रामा | .००० |
| | नभएको | ६४ | ० | ० | |
| | केही मात्रामा | ७ | १ | ० | |
| | असह्य मात्रामा | ११ | ० | १ | |
| मानसिक हिंसाको स्थिति | | नभएको | केही मात्रामा | असह्य मात्रामा | .००० |
| | नभएको | ६४ | २ | ० | |
| | केही मात्रामा | १८ | १ | १ | |
| | असह्य मात्रामा | ७ | ० | १ | |
| भावनात्मक हिंसाको स्थिति | | नभएको | केही मात्रामा | असह्य मात्रामा | .००० |
| | नभएको | ४८ | १ | १ | |
| | केही मात्रामा | १७ | ४ | ० | |
| | असह्य मात्रामा | ११ | ० | २ | |
| यौनजन्य हिंसाको स्थिति | | नभएको | केही मात्रामा | असह्य मात्रामा | .००० |
| | नभएको | ८१ | ० | ० | |
| | केही मात्रामा | २ | ० | ० | |
| | असह्य मात्रामा | ० | ० | १ | |
| आर्थिक हिंसाको स्थिति | | नभएको | केही मात्रामा | असह्य मात्रामा | .००० |
| | नभएको | ५१ | २ | ० | |
| | केही मात्रामा | ११ | ६ | १ | |
| | असह्य मात्रामा | ९ | २ | २ | |
| सामाजिक हिंसाको स्थिति | | नभएको | केही मात्रामा | असह्य मात्रामा | .००० |
| | नभएको | ५७ | ० | ० | |
| | केही मात्रामा | १० | २ | ० | |
| | असह्य मात्रामा | १३ | ० | २ | |

माथि सोधिएको यो प्रश्न, **"यदि आर्थिक सशक्तीकरणसंग महिला विरुद्धको हिंसा न्यूनीकरणको प्रत्यक्ष अन्तरसम्बन्ध छैन भने त्यो के तत्व हो जसले यी महिलाहरुको सन्दर्भमा पुनःएकीकरण कार्यक्रम पछि हिंसामा सारगर्भिक रुपमा न्यूनीकरण ल्यायो** ?" को उत्तर खोज्न महिलाहरुको समुह छलफल र महिलाका आवाजहरु सान्दर्भिक हुन जान्छ। जसको सारांश तलको तालिकामा प्रस्तुत गरिएको छ।

**आप्रवासी महिला उद्यमी समुहहरुको महिला विरुद्धको हिंसा न्यूनीकरणबारे आत्मसमीक्षा**

| महिला विरुद्धको हिंसा | जवाब | व्याख्या |
|---|---|---|
| शारीरिक हिंसा | • सबै जिल्लामा न्यूनीकरण भएको | • *जब महिलाहरु संगठित हुन्छन् घरेलु हिंसामा कमी आँउछ* |
| मानसिक हिंसा | • कास्की जिल्लाका महिलाहरु बाहेक अरु जिल्लाका महिला उद्यमी समुहहरुले न्यूनीकरण भएको बताए | • *शारीरिक हिंसाको न्यूनीकरण भएता पनि मानसिक र भावनात्मक हिंसा अझै छ*<br>• *महिलाहरु आफ्नो उद्यमशीलताको क्रियाकलापमा व्यस्त भई "परम्परागत गृहिणी" को भूमिका ननिभाएकोमा पतिहरुले मानसिक तनाव र भावनात्मक चोट पुऱ्याउछन् ।* |
| भावनात्मक हिंसा | • फरक फरक जवाब<br>- काठमाण्डौ जिल्लामा उल्लेखनीय रुपमा न्यूनीकरण भएको बताए<br>- कास्की र सुनसरीमा "पहिले जस्तै हो" भने | |
| यौनजन्य हिंसा | • नगण्यरुपमा न्यूनीकरण भएको<br>• दृष्टिकोणमा मात्र फरक आएको तर वास्तविक व्यवहारमा होइन | • *महिलाहरु अझै पनि वैवाहिक बलत्कारको हिंसा सहन बाध्य छन्*<br>• *यदि आप्रवासनबाट फर्के पछि यौन सम्पर्क गर्न नमानेमा पतिहरुले प्रश्न गर्दछन्, "के, तँ अब मुसलमानको स्वास्नी भएर आइस् ?* |
| आर्थिक हिंसा | • फरक फरक जवाब<br>- सबै अरु समुहहरुले उल्लेखनीय रुपमा न्यूनीकरण भएको बताए तर सुनसरीका महिलाहरुले वास्तवमा अझ बढेको बताए | • *महिलाहरुलाई अब झन कमाएर पतिहरुलाई पुऱ्याउनु पर्ने भएको छ*<br>• *तर पतिहरुले घरगृहस्थीको काम सघाउदैनन्*<br>• *त्यसैले महिलाहरुको कार्यबोझ अत्यधिकरुपमा बढेको छ*<br>• *माथिका कारणहरुले सुनसरीका महिलाहरुलाई आर्थिक हिंसा बढेको महसुस हुन्छ ।* |
| सामाजिक हिंसा | • सबै जिल्लामा न्यूनीकरण भएको | • *पुनःएकीकरण कार्यक्रमको सबैभन्दा असल योगदान भनेको आप्रवासी महिलाहरुलाई "यौनिक अशुद्धता" को लाञ्छनाबाट मुक्त गराउनु हो ।* |

## पुनःएकीकरण कार्यक्रमका असल प्रयोगहरु र सिकिएका पाठहरु

**असल प्रयोगहरुः** पुनःएकीकरण कार्यक्रमका असल प्रयोगहरुबारे महिलाहरुले आफ्नो आवाजमा गरेका विवरणहरु तलका अंशहरुमा दिइएको छ ।

| आर्थिक स्थितिको परिवर्तनबारे महिलाको आवाज |
|---|
| • वैदेशिक रोजगारमा म अर्काकी दासी थिए, अहिले आफ्नै देशमा उद्यमकी मालिकनी बनेकी छु ।<br>• अब हामी महिलाहरु स्वयंको आफ्नै पैसा छ, श्रीमानलाई माग्नु पर्दैन ।<br>• आर्थिक समस्याको समाधान भयो र म परिवारलाई पनि आर्थिकरुपले सहयोग गर्छु ।<br>• अहिले यहाँ कमाएको पैसा अमूल्य छ किनभने यो कमाइ विदेशमा कमाएको भन्दा बढी नै छ र म आफ्नो बालबच्चा तथा परिवारसगैं बसेर पैसा कमाउन सक्छु ।<br>• यदि परिश्रम गरेमा विदेशमा भन्दा यही नै बढी कमाउन सकिने रहेछ भन्ने पाठ सिकें ।<br>• "बाबुको हातको खुकुरी भन्दा आफ्नो हातको कर्द ठूलो" ...<br>• त्यहाँ पुगेर मात्र थाह भयो कि हामी त भेडाबाखा जस्तै गरेर बिक्री हुँदा रहेछौ । पुरुष मालिकले राम्रीलाई किन्ने र महिला मालिकनीले नराम्री छान्ने । त्यसैले बरु घरमै बसेर आय आर्जन गर्न पाए बेचिइनुबाट त बाँचिने रहेछ । |

| सामाजिक स्थितिको परिवर्तनबारे महिलाको आवाज |
|---|
| • अब त हामी आफ्नै उद्यमको तर्फबाट परिचित भएका छौं; जस्तै, चिया पसलनी...कुखुरा फारमकी...पौरखी चिया बेच्ने दिदी...। पहिले भने हामी फलानाकी छोरी, श्रीमती, आमा वा दिदी बहिनी भनेर मात्र चिनिइन्थ्यौ।<br>• पुनःएकीकरण कार्यक्रमले सामुदायिक क्रियाकलापमा सहभागी बन्न पाइयो र आफ्नै देशमा कमाइ गर्न पाइयो । त्यसैले सामाजिक स्तर बढ्यो र घरेलु हिंसामा पनि कमी आयो ।<br>• मेरो श्रीमान्ले अर्को स्वास्नी ल्याएर मलाई तथा छोराछोरीलाई छोडेको थियो । म अहिले एकल अभिभावक भएर बच्चाहरुलाई पाल्दैछु । यस प्रशिक्षण कार्यक्रमले मलाई उद्यमी बनायो र मेरा प्रशिक्षण समुहका दिदीबहिनीहरुले मलाई सबै कुरामा साथ दिन्छन् ।<br>• यो पुनःएकीकरण कार्यक्रम आप्रवासी महिलाहरुको "यौनिक शुद्धता" बारे सामाजको प्रश्नको उत्तर साबित भएको छ । |

| महिला विरुद्धको हिंसामा आएको परिवर्तनबारे महिलाको आवाज |
|---|
| • आप्रवासी महिला उद्यमी समुहहरुमा संगठित भएकोले महिला विरुद्धको हिंसामा कमी भएको छ । आजकल श्रीमान्हरुले महिलाहरुलाई हिंसा गर्नु अघि एकचोटी सोंच्ने गर्दछन्, विशेषतः शारीरिक र यौनजन्य हिंसा गर्न।  कतिपय श्रीमान्हरुले भन्न थालिसके कि उनीहरुलाई पौरखी महिला समुहदेखि डर लाग्दछ ।<br>• यस कार्यक्रममा आवद्ध हुनुभन्दा पहिले हामी महिलाहरु महिला विरुद्ध हिंसाको मामिलामा चुप रहनु पर्थ्यो । तर यस कार्यक्रममा प्रशिक्षण लिए पछि हामी पिडितलाई कानुनी उपचारको लागि ठीक ठाँउमा पु¥याउन सक्दछौं ।<br>• हो..."महिलाको पैसाले  पुरुषलाई अधीनमा ल्याउछ", तर पैसाले स्वतः हिंसाको न्यूनीकरण हुँदैन । महिला विरुद्धको हिंसासंग सामुहिकरुपमा लड्न "महिला दिदीबहिनी संगठन" मा आवद्ध हुनु जरुरी हुन्छ । |

**सिकिएका पाठहरुः** तल प्रस्तुत भएका पाठ सिकाइहरु सर्वेक्षणबाट प्राप्त तथ्याङ्कहरुको संख्यात्मक विश्लेषण र ती नतिजाहरुको समुह छलफलद्वारा भएको गुणात्मक पुष्टिमा आधारित छन् ।

| **सिकिएको पाठः आप्रवासन तर्फ पुनरावर्तनको संभावना** |
|---|
| ● वैदेशिक रोजगारको कमाइभन्दा हालको उद्यमबाट भएको आमदानी कम भएमा आप्रवासन तर्फ पुनरावृत्ति हुने खतरा देखिन्छ ।<br>● कुनै महिलाहरु भने वैदेशिक रोजगारको कमाइभन्दा हालको कमाइ बढी भएता पनि आप्रवासनको चयन गर्दछन् । *यी महिलाहरुले विशेषतः आफ्ना श्रीमान्‌हरुबाट हुने घरेलु हिंसाबाट पलायन हुन पनि आप्रवासन रोज्ने देखिन्छ ।*<br>➢ माथिका दृष्टान्तहरुबाट सिकिएको पाठले के बताउछ भने रोजगार तथा पेशा चयन र स्वतन्त्ररुपमा हिड्डुल गर्न पाउने महिलाको अधिकार प्रति सचेत हुँदै उनीहरुको सुरक्षित आप्रवासन सुनिश्चित गर्नु पर्ने हुन्छ ।<br>➢ साथै परिवार विखण्डन र आप्रवासन पुनरावृत्तिको खतरालाई प्रतिषेध गर्न आप्रवासन पूर्व, पुनरागमन पछि तथा पुनर्स्थापनाको समयमा "दम्पतीलाई मनोसामाजिक परापर्श" प्रदान गरिनु अतिआवश्यकीय हुन्छ । |

| **सिकिएको पाठः दीर्घकालीन अनुगमन र सहयोगको निरन्तरताको खाँचो** |
|---|
| ● अत्यधिक महिलाहरुले कार्यक्रम आयोजकहरुबाट दीर्घकालीन अनुगमन तथा सहयोगको निरन्तरताको अपेक्षा राखेका छन् । दुई बर्षे कार्यक्रमको समापन पछि यी महिलाहरुले आफ्ना समस्याहरु, जस्तै "उद्यममा आइपरेका जाखिम" तथा "उद्यमको असफलता" बारे कसैसंग पनि परामर्श गर्न पाएनन् ।<br>● आप्रवासी महिला उद्यमीहरुले "सामुहिक सौदाबाजी गर्न" र महिला हिंसाको "सामुहिक प्रतिकार" गर्न संगठित हुने इच्छा गरेका छन् । यसको निम्ति उनीहरुले "पौरखी आप्रवासी महिला उद्यमी समुह" को गठनमा सहयोग गर्न कानुनी तथा प्राविधिक सहजीकरणको अपेक्षा राखेका छन् ।<br>● बढी आमदानी हुने ठूला उद्योगमा लगानी गर्नेहरुलाई यस्ता उद्योगमा परिपक्वता आउन धेरै समय लाग्ने हुनाले र आफ्नो बचत सुरुको लगानी मै सिद्धिएको हुनाले उद्यम चालु गर्न धौ धौ परेको पाइयो । यसैकारण कतिपयले उद्योग नै त्यागेका र कतिपयले भने कम तर तुरन्तै आमदानी हुने ससाना उद्योगको सहारा लिएको पाइयो ।<br>● सामुहिक छलफलहरुमा कतिपय महिलाहरुले त आफुहरुलाई कार्यक्रम आयोजकहरुले श्रोतविहीन अवस्थामा परित्याग गरेको भनी दुःखेसो प्रकट गरे । जसको कारण महिलाहरुको आप्रवासन तर्फ पुनरावृत्ति हुने संभावना बढेको बताए ।<br>➢ माथिका दृष्टान्तहरुले के इङ्गित गर्दछ भने यी महिला उद्यमीहरुलाई प्राविधिक, वृत्तिय तथा आर्थिकरुपमा स्वतन्त्र नभए सम्म हातेमालो गरिन जरुरी छ । यो विशेषगरी धेरै लगानी गरी सुरु गरेका सापेक्षितरुपमा ठूलो उद्यमहरुलाई हो । जसमा परिपक्वता आउन धेरै समय र चालु गर्न धेरै खर्च लाग्दछ ।<br>➢ हालका आप्रवासी महिला उद्यमी समुहहरुलाई लघुवित्त संस्थाहरुसंग सम्बन्ध स्थापना गरिदिनु पनि जरुरी देखिन्छ ।<br>➢ "पौरखी आप्रवासी महिला सहकारी" यसको दीगो समाधान हो । आप्रवासी महिला कामदारले भित्र्याउने ससाना परिमाणको विप्रेषणको सामुहिक लगानीबाट गरिने सामुहिक उद्यम पनि यसको दीगो र व्यवहारिक विकल्प हुन सक्नेछ । |

| **सिकिएको पाठः आर्थिक सशक्तीकरण र महिला विरुद्ध हिंसाको न्यूनीकरण बीचको सम्बन्ध** |
|---|
| ● आर्थिक सशक्तीकरण हुँदैमा महिला विरुद्धको हिंसा स्वतः न्यूनीकरण हुँदैन ।<br>● महिला विरुद्धको हिंसा न्यूनीकरण गर्न आर्थिक सशक्तीकरणका पहलहरु संगसंगै सामुहिक तथा व्यैयक्तिक सशक्तीकरणको निम्ति महिलाहरुलाई संगठित गराउन जरुरी छ ।<br>➢ महिलाहरु स्वयंले पनि संगठित गराइन माग गरे अनुरुप, काठमाण्डौ जिल्लाको सतुन्गल गा.वि.स.मा रहेको "पौरखी आप्रवासी महिला उद्यमी समुह" लाई असल प्रयोगको नमूना मानी प्राविधिक तथा कानुनी सहयोग दिई यसलाई अरुतिर पनि नकल गर्न सकिनेछ । |

## स्थानीय शासनको तयारी र स्वामित्व

आप्रवासी महिला कामदारहरुको आर्थिक सशक्तीकरण र उनीहरु विरुद्धको हिंसा न्यूनीकरण गरी सुरक्षित आप्रवासन सुनिश्चित गर्न स्थानीय शासनको उत्तरदायित्वबारे तीन जिल्लाका स्थानीय शासनका विभिन्न निकायहरुसंग परामर्श गरिएको थियो । काठमाण्डौ, कास्की तथा सुनसरी जिल्लाहरुमा स्थानीय सरकारी तथा गैर सरकारी निकायहरुको जिल्लास्तरीय सामुहिक परामर्श जिल्ला विकास कार्यालयहरुमा जिल्ला विकास अधिकृतहरुको सक्रीयतामा सम्पन्न भयो। यसको अलावा स्थानीय निकायका प्रमुखहरु जस्तै जि.वि.स. प्रमुख, महिला तथा बालबालिका कार्यालय प्रमुख, गा.वि.स. प्रमुखहरुसंग विशेष जानकारको रुपमा अन्तरवार्ता लिइएको थियो । यी जानकारीहरुको सारांश तलको तालिकामा प्रस्तुत गरिएको छ ।

| सरोकारको विषय | परामर्शको नतिजा |
|---|---|
| सरोकारको स्वामित्व | सबै जिल्लाहरुमा स्थानीय निकायहरुले आप्रवासी महिला कामदारका मुद्धाहरु प्रति प्रतिवद्धता र स्वामित्व जनाए । |
| स्थानीय शासनमा आप्रवासी महिला कामदारका मुद्धाहरुको मूलप्रवाहीकरण | : पूर्व तयारी मार्फत सुरक्षित आप्रवासन तथा संरक्षित पुनरागमनको सहजीकरण गर्ने ।<br>: आवश्यक परेकाहरुलाई सुरक्षा प्रदान गर्न सेवा गृह तथा मनोसामाजिक परामर्श सेवा दिने ।<br>: पारामगन र कानुनी सहयोग दिने ।<br>: आप्रवासन पूर्व र पुनरागमन पछि अनिवार्य दर्ताको प्रावधान गरिने ।<br>: व्यापक जनचेतना जगाउने ।<br>: महिला विकास कार्यक्रम र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यक्रममा मूलप्रवाहीकरण गर्ने। |
| संस्थागत संरचना | जि.वि.स., नगरपालिका तथा गा.वि.स.मा “श्रम-डेस्क” स्थापना गर्ने । |
| तथ्याङ्क संकलन र आवश्यकता पहिचान | आप्रवासी महिला कामदारको पहिचान गर्न र उनीहरुको आवश्यकताको पहिचान गर्न तथ्याङ्क संकलन गर्ने । |
| बहुपक्षीय समन्वय | सरकारी, नीजि क्षेत्र, नागरिक समाज तथा संचार क्षेत्रबाट समन्वय र साझेदारीको प्रतिवद्धता आयो । |
| आर्थिक सशक्तीकरण र महिला विरुद्ध हिंसाको न्यूनीकरण | : आर्थिक सशक्तीकरणका पहलहरुलाई सामाजिक सशक्तीकरणबाट पूर्णता दिइनु पर्ने ।<br>: परामर्शको समय “महिला हिंसा विरुद्ध १६ दिने अभियान” परेकोले यस अभियानसंग “अन्तर्राष्ट्रिय आप्रवासन दिवस-१८ डिसम्बर” को श्रृखलाबद्ध गरिनु पर्ने सुझाव आयो । |
| विप्रेषणको प्रयोग | : असल प्रयोगहरुको नकल गर्ने ।<br>: वित्तिय तथा बजार सहयोग मार्फत महिलाका उद्यमलाई सहयोग दिई आप्रवासन-पुनरावृत्तिबाट महिलाहरुलाई जोगाउने ।<br>: महिलाहरुका ससाना परिमाणका विप्रेषणको सामुहिक प्रयोग र लगानी गरी सामुहिक-उद्यम सहजीकरण गर्ने।<br>: साथै आप्रवासी परिवारका महिलाहरुलाई पनि संलग्न गराएर आप्रवासी महिला बचत तथा ऋण सहकारीहरुको स्थापना गर्ने । |
| बजेट | : “महिला बजेट” को प्रयोग गर्ने ।<br>: वैदेशिक रोजगार कल्याण कोष, वैदेशिक रोजगार व्यवसायीहरुबाट गराइएको धरौटीको ब्याज, पासपोर्ट शुल्क, जस्ता केन्द्रीय स्तरमा रहेका बजेटहरु स्थानीय निकायहरुसंग बाँडफाँड गर्ने ।<br>: “रातो किताब” मै बजेटको प्रावधान गरिनु पर्ने । |
| अनुगमन प्रणाली | : अनुगमन प्रणालीको व्यवस्था गर्ने ।<br>: आप्रवासनका विभिन्न चरणमा अनुगमन गर्ने ।<br>: आवधिक रुपमा प्रतिवेदन प्रसारण गर्ने । |

## स्थानीय शासनको क्षमता अभिवृद्धिको आवश्यकता

आप्रवासी महिला कामदारहरुको सरोकारलाई सम्बोधन गर्न स्थानीय शासनको क्षमता अभिवृद्धिको आवश्यकता पहिचान जिल्लास्तरीय सामुहिक परामर्श सम्मेलनहरु तथा सरोकारवाला जानकार व्यक्तिहरुसंगको व्यक्तिगत अन्तरवार्ताबाट आएको हो । यसको अलावा क्षमता अभिवृद्धि आवश्यकता पहिचान गर्न सबै जिल्लामा छानिएका गा.वि.स.हरुको आधारभूत संरचना तथा विद्यमान मानव समसाधनको अवलोकन पनि सहयोगी बनेको छ । क्षमता अभिवृद्धि आवश्यकताको सारांश निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

| क्षमताको क्षेत्र | आवश्यकता |
|---|---|
| मानव समसाधन विकास | : आप्रवासी महिला कामदारको विषय र सरोकारबारे सचेतना कार्यक्रम<br>- जि.वि.स., नगरपालिका, गा.वि.स., वडा नागरिक मञ्च, वडा निगरानी समितिको स्तरमा<br>: सामाजिक परिचालकहरुलाई तथ्याङ्क संकलन तालिम ।<br>: कम्प्युटर परिचालकहरुलाई तथ्याङ्क व्यवस्थापन तालिम ।<br>: वडा नागरिक मञ्च, मध्यस्थकर्ता तथा सामुदायिक सतर्कता समुहलाई प्रशिक्षक प्रशिक्षण । |
| मानव समसाधन सहयोग | : गा.वि.स.का कर्मचारीहरुको कार्यबोझ बढी भएकोले थप कर्मचारी आवश्यक ।<br>: हाल आधा समय काम गरिरहेका सामाजिक परिचालकहरुलाई पुरा समयको लागि नियुक्ति ।<br>: महिला तथा बालबालिका कार्यालयमा "सुरक्षा अधिकृत" को तुरन्तै नियुक्ति र कार्यविवरणमा आप्रवासी महिला कामदारको सरोकार समावेश । |
| प्राविधिक सहयोग | : तथ्याङ्क संकलन र तथ्याङ्क व्यवस्थापनमा सहयोग । |
| बजेट | : कुनै जिल्लामा थोरै वित्तिय सहयोगबाट धेरै काम सम्पन्न गर्न सकिने भनिएता पनि जिल्लाका जिम्मेवार निकाय र पदाधिकारीहरुबाट केन्द्रमा रहेको बजेट जिल्लासम्म बाँडफाँड गरिनु पर्ने आवश्यकताको महसुस ।<br>: आधार तथ्याङ्क (baseline data) संकलन, व्यवस्थापन र प्रचारप्रसार गर्न थप बजेटको आवश्यकता ।<br>: "महिला बजेट"को केही हिस्सा आप्रवासी महिला कामदारको सरोकारलाई सम्बोधन गर्न प्रयोगको संभावना ।<br>: महिला तथा बालबालिका कार्यालयले आप्रवासी महिला कामदारको सरोकारलाई सम्बोधन गर्न "रातो किताब" मार्फत आ.ब. सन् २०१२-२०१३ को दोस्रो सत्रमा रु.२००००० प्राप्त गरेको ।<br>: उद्यमशीलता विकास धेरै नै महगो भएकोले गा.वि.स.मा यसको निम्ति पर्याप्त बजेट छैन । |
| कानुनी | : जिल्लास्तरमा घरेलु हिंसालाई पर्याप्त मात्रामा सम्बोधन गर्न नियमावलीमा संशोधनको खाँचो ।<br>: आप्रवासन नीतिमा संशोधनको आवश्यकता, विशेषतः ३० बर्षे प्रावधानमा ।<br>: महिला विरुद्ध हिंसाप्रति जवाबदेही नहुने सार्वजनिक पदाधिकारीहरुलाई कानुनी कारवाही ।<br>: आप्रवासी महिलाहरुलाई जिल्ला मै कानुनी उपचार प्राप्त गराउन जिल्लास्तरीय कानुनी निकायहरुलाई आप्रवासन सम्बन्धी कानुनी अख्तियारी दिनु पर्ने । |
| भौतिक पूर्वाधार | : पाँच विकास क्षेत्रमा "सुरक्षित सेवा गृह" हरुको निर्माण ।<br>: हाल विद्यमान सेवा गृहहरुको सुदृढीकरण गरी आप्रवासी महिला तथा उनका परिवारहरुलाई मनोसामाजिक परामर्श प्रदान गरिनु पर्ने । |

प्रस्तावित नमूना कार्यक्रम

आप्रवासी महिला कामदारहरुको आर्थिक सुरक्षा अभिवृद्धि तथा उनीहरु  विरुद्ध हुने हिंसालाई सम्बोधन गरी सुरक्षित आप्रवासन सुनिश्चित गर्न स्थानीय शासनको उत्तरदायीत्व

श्रावण २०७० – श्रावण २०७२

(आ.ब. २०७०/७१ देखि आ.ब. २०७१/७२ सम्म)

| | कार्यक्रमका अवयवहरु | कियाकलापहरु | सहभागी तथा लाभगाह्रीहरु | जिम्मेवार निकाय तथा साभ्रेदारहरु | बजेट श्रोत | समयावधी |
|---|---|---|---|---|---|---|
| १. | आप्रवासी नेपाली महिला कामदारहरुको मुद्धा र सरोकारहरुबारे स्थानीय निकायहरुलाई सचेत गराइने ।[छ] | काठमाण्डौमा सचेतना कार्यक्रम | प्रमुख जिल्ला अधिकारी., स्थानीय विकास अधिकारी, सामाजिक विकास अधिकारी, महिला विकास अधिकारी, जिल्ला प्रहरी कार्यालयका प्रमुख, जिल्ला अदालतका प्रमुख | श्रम तथा रोजगार मन्त्रालय (श्र.रा.म.),<br>संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय (सं.मा.स्था.वि.म.),<br>महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय ( म.बा.स.क.म.)<br>...................<br>नागरिक समाजका साभ्रेदार:<br>पौरखी, निडस्, पिपल्स फोरम, प्रवासी नेपाली समन्वय समिति, सुरक्षित आप्रवासनको निम्ति राष्ट्रिय सञ्जाल | प्रस्तावित नमूना कार्यक्रमको बजेट | १५ - १७ अगस्ट २०१३ |
| | | काठमाण्डौ, कास्की तथा सुनसरी जिल्लाहरुमा सचेतना कार्यक्रम | नगरपालिकाका कार्यकारी अधिकृतहरु, जिल्ला विकास कार्यालयका कर्मचारीहरु, गाँउ विकास समितिका सचीवहरु, सामाजिक परिचालकह्रु | | | २१ - २३ अगस्ट २०१३ |
| | | नगरपालिका तथा गाँउ विकास समितिहरुमा सचेतना कार्यक्रम | नगरपालिका तथा गाँउ विकास समितिका कर्मचारीहरु, वडा नागरिक मञ्च, वडा निगरानी समिति तथा सामुदायिक सतर्कता समुहका सदस्यहरु | | | २८ - ३० अगस्ट २०१३ |
| २. | संस्थागत संरचना | १. श्रम-डेस्कको स्थापना तथा कार्यविवरण[ट]<br><br>२. स्थानीय निकायमा कार्यरत कर्मचारी मध्येबाटै “श्रम-डेस्क पदाधिकारी” को मनोनयन<br><br>३. मनोनित “श्रम-डेस्क पदाधिकारी”हरुलाई प्रशिक्षण<br><br>४. सबै गा.वि.स.मा “सामुदायिक सतर्कता समुह”को गठन | ⅄ सामाजिक विकास महाशाखा/जि.वि.स.<br><br>⅄ नगरपालिका तथा गा.वि.स. | श्रम तथा रोजगार मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय,<br><br>र<br><br>यूएन ओमन | १. जि.वि.स., नगरपालिका तथा गा.वि.स.<br><br>२. प्रारम्भमा प्रस्तावित नमूना कार्यकमको बजेटबाट सहयोग गरिने र पछि गएर स्थानीय निकायहरुले नै व्यहोर्ने | २४ अगस्त २०१३ देखि थालनी गरिने |
| ३. | मानवीय समसाधनको व्यवस्था | १. सामाजिक परिचालकहरुलाई पूर्णकालीन कर्मचारीमा नियुक्ति र | ⅄सामाजिक विकास | - लैससास/सं.मा.स्था.वि.म. | १. लैससास/सं.मा.स्था.वि.म. | १. आ.ब. २०७०/७१ देखि पूर्णकालीन नियुक्ति र |

5 रणनीतिक सुझाव १ मा स्थानीय निकायहरुको “सहजीकरणात्मक” भूमिकाको व्याख्या गरिएको छ।
6 रणनीतिक सुझाव २ मा विस्तृत विवरण छ।

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | कार्यभार[७]<br>२. महिला तथा बालबालिका कार्यालयमा “सुरक्षा अधिकारी” को नियुक्ति<br>३. जिल्लामा घुम्ति सेवा प्रदान गर्न “मनोसामाजिक परामर्शदाता”को नियुक्ति | महाशाखा/जि.वि.स.<br>➢महिला तथा बालबालिका कार्यालय<br>➢ओ.सि.एम.सि. | - म.वि.वि./म.बा.स.क.म.<br>- ओ.सि.एम.सि./स्वास्थ्य तथा जनसंख्या मन्त्रालय<br>- लैङ्गिक हिंसा मुक्त कार्यक्रम/प्रधान मन्त्रीको कार्यालय | २. म.वि.वि./म.बा.स.क.म.<br><br>३. ओ.सि.एम.सि./स्वास्थ्य मन्त्रालय र प्रधान मन्त्रीको कार्यालय | लैससास/सं.मा.स्था.वि.म.मा मूलप्रवाहीकरण गर्ने<br>२. म.वि.वि./म.बा.स.क.म. मा मूलप्रवाहीकरण गर्ने<br>३. लैङ्गिक हिंसा मुक्त कार्यक्रममा मूलप्रवाहीकरण गर्ने |
| ४. | तथ्याङ्क संकलन, अभिलेख तयार तथा प्रचारप्रसार<br>........<br>१) सबै आप्रवासी कामदारहरुको लैङ्गिक-खण्डिकृत तथ्याङ्क<br>२) आप्रवासी महिला कामदारहरुको विशेष तथ्याङ्क[८] | १. सामाजिक परिचालकहरुलाई तथ्याङ्क संकलन तालिम तथा कम्प्युटर परिचालकहरुलाई तथ्याङ्क व्यवस्थापन तालिम<br>२. तथ्याङ्क संकलन<br>३. तथ्याङ्क विश्लेषण, अभिलेख तथा प्रचारप्रसार<br>४. गा.वि.स., नगरपालिका तथा जि.वि.स.को आवधिक प्रतिवेदनमा आप्रवासन तथ्याङ्कको समावेश | ग.वि.स. तथा नगरपालिकाका-<br><br>➢सामाजिक परिचालकहरु<br><br>➢ कम्प्युटर परिचालकहरु | - जि.वि.स., नगरपालिका, गा.वि.स.<br>- श्र.रो.म. तथा सं.मा.स्था.वि.म.<br>- यूएन ओमन | १. जि.वि.स., नगरपालिका, गा.वि.स.<br><br>२. आधार-तथ्याङ्कको निम्ति प्रस्तावित नमूना कार्यक्रमबाट सहयोग<br><br>३. क्रमैसंग लैससास कार्यक्रमको आवधिक तथ्याङ्क संकलनमा मूलप्रवाहीकरण गर्ने | १. तालिमः<br>(१-३ सेप्टेम्बर २०१३)<br>२. तथ्याङ्क संकलनः<br>(४ सेप्टेम्बर - ४ अक्टोबर)<br>३. तथ्याङ्क विश्लेषणको तयारी, विश्लेषण तथा अभिलेख<br>(अक्टोबर-नोभेम्बर २०१३)<br>४. प्रचारप्रसार<br>(१ डिसम्बर २०१३ देखि)<br>५. जि.वि.स., नगरपालिका तथा गा.वि.स.को आँउदो आवधिक प्रतिवेदनको संस्करणमा तथ्याङ्कको समावेश |
| ५. | आप्रवासी अनुमगन संयन्त्रको स्थापना र परिचालन | १. पञ्जीकरण प्रणालीको सुरुवातः<br>- आप्रवासन पूर्व<br>- पुनरागमन पश्चात | आप्रवासी महिला कामदार | नगरपालिका तथा गा.वि.स.का “श्रम-डेस्क”हरु | १. वैदेशिक रोजगार कल्याण कोष/वैदेशिक रोजगार प्रवर्धन बोर्ड/वैदेशिक रोजगार विभाग<br><br>२. नगरपालिका तथा गा.वि.स.<br><br>३. आप्रवासी महिला कामदारहरुबाट उठेको | सेप्टेम्बर २०१३ पछिः विशेषतः “श्रम-डेस्क” स्थापना र श्रम-डेस्क पदाधिकारीको नियुक्ति पछि |
| | | २. आप्रवासन अवस्थामा अनुगमन[९] | ➢कार्यस्थलमा रहेका आप्रवासी महिला कामदार<br><br>➢वडामा रहेका परिवारका सदस्यहरु | अन्तर्राष्ट्रिय स्तरमाः<br>महिला सहचरी, श्रम सहचरी, राजदूतावास, मानव अधिकार संगठनहरु<br>राष्ट्रिय स्तरमाः<br>श्रम तथा रोजगार | | डिसम्बर २०१३ पछिः विशेषतः हाल आप्रवासनमा रहेका महिला कामदारहरुको तथ्याङ्क अभिलेख तयार भए पछि |

[7] रणनीतिक सुझाव ३ मा विवरण छ।
[8] माथि जस्तै।
[9] रणनीतिक सुझाव ४ मा विवरण छ।

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | विभाग/श्र.रो.म.<br>स्थानीय स्तरमा:<br>नगरपालिका तथा गा.वि.स.का "श्रम-डेस्क"हरु<br>सामुदायिक स्तरमा:<br>आप्रवासी महिला कामदार तथा उनीहरुका परिवारका सदस्यहरु | पञ्जीकरण शुल्क | |
| ६. | आप्रवासनको विभिन्न चरणमा महिला कामदार विरुद्ध हुने हिंसा न्यूनीकरण[10] | लक्षणको पहिचान<br>निषेधात्मक पहल<br>उपचारात्मक पहल<br>दण्डात्मक तथा सुधारात्मक पहल<br>आप्रवासनको अवस्थामा अनुगमन | आप्रवासी महिला कामदार:<br>- सम्भाव्य आप्रवासी अवस्थामा<br>- आप्रवासनको अवस्थामा<br>- पुनरागमन पछिको अवस्थामा<br>- पुन:एकीकरणको अवस्थामा | अन्तर्राष्ट्रिय स्तरमा:<br>⅄राजदूतावास तथा श्रम सहचरी<br>अन्तर्राष्ट्रिय नागरिक समाजका साझेदारहरु:<br>⅄दक्षिण एशियाली आप्रवासी महिलाको सुरक्षित आप्रवासन व्यवस्थापन गर्न बनेको संजाल "सार्क कोर समुह" .....................<br>राष्ट्रिय स्तरमा:<br>⅄वैदेशिक रोजगार कल्याण कोष/वैदेशिक रोजगार प्रवर्धन बोर्ड/श्र.रो.म<br>⅄म.बा.स.क.म.<br>⅄सं.मा.स्था.वि.म.<br>⅄प्रधान मन्त्रीको कार्यालय<br>⅄स्वा.ज.म.<br>जिल्ला स्तरमा:<br>⅄प्र.जि.प्र.का., म.वा.का., जि.प्र.का., जिल्ला अदालत, ओ.सि.एम.सि.<br>⅄जि.वि.स., नगरपालिका तथा गा.वि.स.का "श्रम-डेस्क"हरु<br>सामुदायिक स्तरमा:<br>वडा नागरिक मञ्च, | १. महिला तथा बालबालिका कार्यालय:<br>- महिला हिंसा तथा आप्रवासी महिलाको शीर्षकको बजेट<br><br>२. लैससास/स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम अन्तर्गत रहेको "महिलाको बजेट"<br><br>३. प्रधानमन्त्री कार्यालय अन्तर्गत "लैङ्गिक हिंसा अन्त गर्न" बनेको कार्ययोजना कार्यान्वयनको बजेट<br><br>४. अर्थ मन्त्रालको "पुन:एकीकरण कार्यक्रम" बजेट<br><br>५. आप्रवासन अवस्थामा अनुगमन गर्नलाई वैदेशिक रोजगार प्रवर्धन बोर्डको "कल्याण कोष" को बजेट | १. महिला तथा बालबालिका कार्यालयमा संचालित महिला हिंसा रोकथाम कार्यक्रममा मूलप्रवाहीकरण गर्ने<br><br>२. लैससास/स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रममा मूलप्रवाहीकरण गर्ने<br><br>३. प्रधान मन्त्री कार्यालय अन्तर्गत "लैङ्गिक हिंसा अन्त गर्न" बनेको कार्ययोजना कार्यान्वयनमा मूलप्रवाहीकरण गर्ने<br><br>४. आप्रवासन अवस्थामा अनुगमनको थालनी नगरपालिका तथा गा.वि.स.का वडास्तरका तथ्याङ्कको अभिलेख पश्चात, डिसम्बर २०१३ देखि गर्ने |

[10] रणनीतिक सुझाव ४ मा विस्तृत विवरण गरिको छ।

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | सामुदायिक सतर्कता समुह, वडा निगरानी समिति<br>........................<br>नागरिक समाजका साझेदारहरु:<br>पौरखी, ओरेक, पिपल्स फोरम, प्रवासी नेपाली समन्वय समिति, सुरक्षित आप्रवासनको निम्ति राष्ट्रिय संजाल | | |
| ७. | आप्रवासी महिला कामदारहरुलाई सुरक्षित आप्रवासनको सुनिश्चितता | १. व्यवसायिक सल्लाह: स्कूले छात्राहरुको लागि ।<br>२. आप्रवासन पूर्व-तयारी[ज्ञज्ञ]:<br>- आप्रवासी महिला कामदारबारे राष्ट्रिय नीति, जस्तै, उमेरको हद्बन्दी, वैदेशिक रोजगार विभागले तोकेको उच्चतम लगानी तथा निम्नतम तलब<br>- व्यवसायिक शीप तथा भाषा<br>- रोजगारी गर्ने मुलुकको संस्कृति, रीति रिवाज, कानुन, जस्तै, खाँडी मुलुकको "कफाला" प्रणाली<br>- अधिकार: मानव अधिकार, श्रम अधिकार, महिला अधिकार<br>- महिला विरुद्धको हिंसा: दम्पति सल्लाह/परामर्श सहित्[ज्ञद्द]<br>- पासपोर्ट तथा प्रवेशआज्ञा<br>- यात्राका क्रम तथा चरण<br>- वित्तिय साक्षरता तथा ज्ञान<br>- आप्रवासनमा लगानी गर्न सहुलियत ऋृण[ज्ञघ]<br>- विमाको व्यवस्था[ज्ञद्ध] | सम्भाव्य आप्रवासी महिला कामदार | अन्तर्राष्ट्रिय स्तरमा:<br>⅄ राजदूतावास तथा श्रम सहचरी<br>⅄ रोजगार मुलुकका सम्बन्धित निकायहरु<br>अन्तर्राष्ट्रिय नागरिक समाजका साझेदारहरु:<br>⅄ दक्षिण एशियाली आप्रवासी महिलाको सुरक्षित आप्रवासन व्यवस्थापन गर्न बनेको संजाल "सार्क कोर समुह"<br>⅄ रोजगार मुलुकका मानव अधिकार संगठनहरु<br>............................<br>राष्ट्रिय स्तरमा:<br>⅄ प.मा.म<br>⅄ श्र.रो.म<br>⅄ म.बा.स.क.म.<br>⅄ सं.मा.स्था.वि.म.<br>⅄ शि.म.<br>⅄ स्वा.ज.म.<br>जिल्ला स्तरमा: | १. वैदेशिक रोजगार प्रवर्धन बोर्ड/वैदेशिक रोजगार विभाग/श्र.रा.म.<br><br>२. प्रमुख जिल्ला प्रशासन कार्यालय तथा परराष्ट्र मामिला मन्त्रालयबाट पासपोर्ट-शुल्कको केही हिस्सा<br><br>३. सम्भाव्य आप्रवासी महिला कामदारबाट लिइने अभिमुखीकरण प्रशिक्षण शुल्क<br><br>४. आप्रवासनमा जान लागेका महिलाहरुको विमा शुल्क | नमूना कार्यक्रमको थालनीदेखि: मध्य-अगस्ट २०१३ देखि |

[11] रणनीतिक सुझाव ५ मा "फर्केर आएका पौरखी आप्रवासी महिलाहरुलाई परिचालन गरिनु पर्ने" कुरा जिकिर गरिएको छ ।

[12] रणनीतिक सुझाव ५ मा विवरण छ ।

[13] रणनीतिक सुझावहरु ५ र ६ मा हेर्ने ।

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | - विप्रेषण स्थानान्तरण व्यवस्था[१४] | | ⅄ जि.वि.स., म.बा.का., जि.शि.का.<br>स्थानीय स्तरमा:<br>⅄नगरपालिका तथा गा.वि.स.का "श्रम-डेस्क"हरु<br>⅄वडा नागरिक मञ्च, सामुदायिक सतर्कता समुह, वडा निगरानी समिति<br>.........................<br>नागरिक समुाज तथा नीजि क्षेत्रका साझेदारहरु:<br>⅄ पौरखी, ओरेक, पिपल्स फोरम, प्रवासी नेपाली समन्वय समिति, सुरक्षित आप्रवासनको निम्ति राष्ट्रिय संजाल<br>⅄सि.एम.एफ. नेपाल तथा स्थानीय लघुवित्त संस्थाहरु<br>⅄वैदेशिक रोजगार व्यवसायी | | |
| ८. | जिल्लास्तरमा कानुनी उपचारका सेवाको प्रावधान | १. कानुनी उपचारका अख्तियार र सेवाहरु जिल्लामा स्थाननान्तर गर्ने<br>२. जिल्ला स्तरीय कानुन प्रणालीमा मूलप्रवाहीकरण गर्ने<br>३. आप्रवासी महिला कामदारहरुलाई जिल्लास्तरमा पाइने कानुनी उपचारबारे जानकारी दिने तथा सेवाको पँहुचमा सहजीकरण गर्ने | १. सम्भाव्य आप्रवासी महिला<br>२. आप्रवासन अवस्थामा रहेका महिला<br>३. आप्रवासनबाट फर्केका महिला | जिल्ला स्तरमा:<br>⅄ जि.वि.स, नगरपालिका तथा गा.वि.स.का "श्रम-डेस्क"हरु<br>- प्रमुख जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय तथा जिल्ला अदालतसंग समन्वय गरी<br>गा.वि.स. स्तरमा:<br>⅄ गा.वि.स.का "श्रम-डेस्क"<br>- म.बा.का.को "पारागमन" नेपाल प्रहरीसंग समन्वय | १. वैदेशिक रोजगार कल्याण कोष<br>२. याचनाकर्ताबाट सेवा शुल्क<br>३. प्रतिवादीबाट दण्ड शुल्क | सेप्टेम्बर २०१३ देखि |

[14] रणनीतिक सुझाव ५ मा विवरण छ ।
[15] माथिको सुझाव हेर्ने ।

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | गरी<br>नागरिक समाजका साझेदारहरु:<br>पौरखी, ओरेक, पिपल्स फोरम, प्रवासी नेपाली समन्वय समिति | | |
| ९. | आर्थिक सुरक्षा सुनिश्चित गर्दै आप्रवासी महिला कामदार तथा आप्रवासी कामदारका परिवारहरुका महिलाहरुको आर्थिक सशक्तीकरण तर्फको लक्ष | १. सम्भाव्य "पौरखी उद्यमी" महिलाहरुको पहिचान गरी, यूएन् ओमन र ईफाद्को तत्वाधानमा संचालित "आप्रवासी महिला कामदारहरुको आर्थिक सुरक्षा" नमूना परियोजनाका साझेदारहरुसंगको सहकार्यमा पेशागत तथा उद्यमशीलता तालिम दिने<br>२. उद्यमशीलताको विकासमा आप्रवासी महिला कामदारहरुले विदेशबाट लिएर आएका ज्ञान तथा शीप, अर्थात "सामाजिक विप्रेषण"को प्रयोग गर्न सहजीकरण गर्ने<br>३. हाल उद्यम संचालन गरी रहेका "पौरखी उद्यमी" समुहका सदस्यहरुलाई "पुनर्ताजगी प्रशिक्षण" दिने<br>- विशेषतः प्राविधिक, वित्तिय तथा बजार सम्बन्धी तालिम<br>४. "पौरखी उद्यमी" समुहलाई उद्योग तथा वाणिज्य मन्त्रालयको "महिला उद्यमी विकास" ऋणको पँहुचमा सहजीकरण गर्ने<br>५. साथै "युवा स्वरोजगार कोष" को पँहुचमा पनि सहजीकरण गर्ने<br>६. महिला तथा बालबालिका मन्त्रालयसंगको समन्वयमा "आप्रवासी महिला ऋण तथा | पौरखी आप्रवासी उद्यमी समुहका सदस्यहरु | राष्ट्रिय स्तरमा:<br>⅄अर्थ मन्त्रालय<br>⅄श्रम तथा रोजगार मन्त्रालय<br>⅄महिला, वालवालिका तथा समाजकल्याण मन्त्रालय<br>⅄संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय<br>⅄कृषि विकास मन्त्रालय<br>⅄उद्योग तथा वाणिज्य मन्त्रालय<br>जिल्ला स्तरमा:<br>⅄ जि.वि.स., नगरपालिका तथा गा.वि.स.का "श्रम-डेस्क",<br>⅄महिला तथा बालबालिका कार्यालय<br>⅄जिल्ला कृषि कार्यालय<br>⅄घरेलु तथा ग्रामीण उद्योग विकास समितिका शाखा कार्यालय<br>स्थानीय स्तरमा:<br>⅄आप्रवासी महिला तथा आप्रवासी परिवारका महिला सदस्यहरु<br>..........................<br>नागरिक समाजका साझेदारहरु:<br>⅄ पौरखी<br>⅄ उद्योग वाणिज्य संघ<br>⅄स्थानीय लघु-वित्त | नमूना कार्यक्रमको बजेट सहित् तलका अन्य बजेट:<br>१. आप्रवासी महिला तथा आप्रवासी परिवारको विप्रेषण<br>२. अर्थ मन्त्रालयको "पुन:एकीकरण कार्यक्रम" बजेट<br>३. घरेलु तथा ग्रामीण उद्योग विकास अन्तर्गत "महिला शीप विकास कोष"को बजेट<br>४. जिल्ला उद्योग वाणिज्य संघद्वारा संचालित "एक जिल्ला एक वस्तु" को बजेट<br>५. "युवा स्वरोजगार कोष" को बजेट<br>६. महिला तथा बालबालिका कार्यालय अन्तर्गत "महिला विकास कार्यक्रम" को बजेट | सेप्टेम्बर २०१३ देखि सुरु गर्ने<br>: "आप्रवासी महिला ऋण तथा बचत सहकारी" लाई महिला तथा बालबालिका कार्यालय अन्तर्गत रहेको महिला विकास कार्यक्रममा मूलप्रवाहीकरण गर्ने |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | बचत सहकारी” गठन गर्न सहजीकरण गर्ने[16]<br>६. महिला विरुद्धको हिंसाको जानकारी उद्यमशीलता तालिमको अभिन्न अंगको रुपमा समावेश गरी, उद्यमी महिलाहरुको सामाजिक सशक्तीकरण मार्फत सामुहिक रुपमा महिला विरुद्धको हिंसाको प्रतिकार गर्न सहजीकरण गर्ने[17]<br>७. पौरखी आप्रवासी महिला उद्यमीहरुको वस्तु तथा सेवा विक्रयको निम्ति बजारस्थलको प्रबन्ध गर्ने | | संस्थाहरु<br>………………………<br>काठमाण्डौ, पोखरा, लेखनाथ, इनरवा, इटहरी तथा धरान नगरक्षेत्रमा:<br>“पौरखी आप्रवासी महिला बजार स्थल” को प्रावधान गर्ने र शुरुमा बहाल-मुक्त वा सहुलियत बहालमा तथा क्रमैसंग पूर्ण बहाल तिर्ने व्यवस्था मिलाउने<br>……………………<br>काठमाण्डौ, कास्की तथा सुनसरी जिल्लाहरुमा:<br>- “एक जिल्ला एक वस्तु वा एक गाँउ एक वस्तु”- विशिष्ठताको प्रवर्धन गर्ने<br>- उदाहरणार्थ, सुनसरी जिल्लाको पंचकन्या गा.वि.स.का सचीवले “सुनशरीको पंचकन्या ढाका” उत्पादनको प्रस्तावना राखेका छन् । | | |
| १० | लैङ्गिक हिंसामा परी आकस्मिक आवास तथा अन्य सेवाहरुको आवश्यकता परेका आप्रवासी महिलालाई सेवाको प्रावधान | १. जिल्लामा सेवा-गृहको निर्माण तथा भएका सेवा-गृहहरुको सुदृढीकरण<br>२. आप्रवासी महिलाहरुलाई सेवा दिन ओ.सि.एम.सि.को स्थापना तथा भएका ओ.सि.एम.सि.लाई सशक्त बनाइनु पर्ने<br>३. आप्रवासी महिलाहरुलाई वैयक्तिक तथा दाम्पत्य सल्लाहको निम्ति “मनोसामाजिक परामर्श” को प्रावधान | १. सम्भाव्य आप्रवासी महिला<br><br>२. फर्केर आएका आप्रवासी महिला | ⅄महिला तथा बालबालिका कार्यालय अन्तर्गतको “सेवा-गृह”<br><br>⅄स्वास्थ्य मन्त्रालय अन्तर्गतको क्षेत्रीय तथा जिल्ला अस्पतालमा रहेको ओ.सि.एम.सि. (एक-स्थानीय | १. म.बा.का./म.वि.वि./ म.बा.स.क.म.को बजेट<br><br>२. लैङ्गिक हिंसा मुक्त कार्ययोजना कार्यान्वयन बजेट | १. म.बा.का.को महिला हिंसा उन्मूलन कार्यक्रममा मूलप्रवाहीकरण गर्ने<br><br>२. लैङ्गिक हिंसा मुक्त कार्ययोजना कार्यान्वयनमा मूलप्रवाहीकरण गर्ने |

[16] रणनैकि सुझाव ६ हेर्नुहोस् ।
[17] रणनैकि सुझाव ६ मा व्याख्या गरिएको छ ।

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | आपदकालीन व्यवस्थापन केन्द्र) | | |
| ११. | जनचेतना जागरण | १. महिला अधिकारका विशेष अवसरहरुको प्रायोजन गरी व्यापक जन सहभागिता गराउने<br>- "लैङ्गिक हिंसा विरुद्ध १६ दिने अभियान" (२५ नोभेम्बरदेखि १० डिसम्बरसम्म)<br>- "अन्तर्राष्ट्रिय आप्रवासन दिवस्" (१८ डिसम्बर)<br>- "अन्तर्राष्ट्रिय महिला दिवस्" (८ मार्च)<br>२. "सार्वजनिक सुनुवाइ" मार्फत आप्रवासी महिला कामदारका रोजगारको अधिकार, पेशा चयनको अधिकार, हिड्डूलको स्वतन्त्रता, आदिबारे छलफल गर्ने<br>३. आप्रवासी महिला कामदारको अधिकारबारे संचार अभियान गर्ने | १. जनसाधारण:<br>- महिला, पुरुष, युवक, युवती तथा बालबालिका<br><br>२. कर्तव्य-वाहक तथा सार्वजनिक पदाधिकारीहरु:<br>- जिल्ला स्तरमा<br>- नगरपालिका स्तरमा<br>- गा.वि.स. स्तरमा<br>- वडा स्तरमा | जिल्लास्तरमा:<br>➢प्रमुख जिल्ला प्रशासन कार्यालय<br>➢जिल्ला विकास कार्यालय<br>➢महिला तथा बालबालिका कार्यालय<br>➢जिल्ला प्रहरी कार्यालय<br>➢जिल्ला अदालत, तथा<br>➢ अन्य सरोकारवाला निकायहरु<br>वडा/नगरपालिका/गा.वि.स.स्तरमा:<br>वडा नागरिक मञ्च, वडा निगरानी समिति, सामुदायिक सतर्कता समुह<br>...........................<br>नागरिक समाजका साझेदारहरु:<br>पौरखी, ओरेक, महिला समुह, मानव अधिकार संरक्षक, आम-संचार | स्थानीय शासनको बजेट् | |
| १२. | नमूना कार्यक्रमको अनुगमन तथा मूल्यांकन | १. केन्द्रस्तरीय निर्देशन समितिको गठन<br><br>२. जिल्लास्तरीय समन्वय समितिहरुको गठन<br><br>३. महिनावारी मिटिङ्गमा प्रगतिको लेखाजोखा गर्ने | केन्द्रस्तरीय निर्देशन समिति:<br>➢श्रम तथा रोजगार मन्त्रालय<br>➢संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय<br>➢महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय<br>➢यूएन ओमन<br>➢घरेलु तथा ग्रामीण उद्योग विभाग/उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>➢कृषि विकास मन्त्रालय<br>➢स्वास्थ्य तथा जनसंख्या मन्त्रालय<br>➢पौरखी<br>➢एफ.एन.सि.सि.आइ.<br>➢सुरक्षित आप्रवासन राष्ट्रिय संजाल<br>➢निडस्<br>➢प्रवासी नेपाली समन्वय समिति | | नमूना कार्यक्रमको बजेट् | १. केन्द्रस्तरीय निर्देशन समितिको गठन:<br>- अगस्ट २०१३ को दोस्रो हप्ता<br><br>२. जिल्लास्तरीय समन्वय समितिहरुको गठन:<br>- अगस्ट २०१३ को तेस्रो हप्ता<br><br>३. मध्यावधी मूल्यांकन:<br>- अगस्ट २०१४<br><br>४. अन्तिम मूल्यांकन: |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | ⚘पिपल्स फोरम<br>⚘सि.एम.एफ. नेपाल<br>⚘वैदेशिक रोजगार व्यवसायी महासंघ<br>.......................<br><u>जिल्लास्तरीय समन्वय समिति</u>:<br>⚘जि.वि.स., नगरपालिका तथा गा.वि.स.<br>⚘महिला तथा बालबालिका कार्यालय<br>⚘जिल्ला कृषि कार्यालय<br>⚘जिल्ला शिक्षा कार्यालय<br>⚘जिल्ला जनस्वास्थ्य कार्यालय<br>⚘घरेलु तथा ग्रामीण उद्योग विकास समितिका शाखा कार्यालय<br>⚘पौरखी<br>⚘उद्योग वाणिज्य संघ<br>⚘लघुवित्त संस्थाको प्रतिनिधि<br>⚘प्रवासी नेपाली समन्वय समितिको प्रतिनिधि<br>⚘पिपल्स फोरमको प्रतिनिधि<br>⚘जिल्लास्तरीय वैदेशिक रोजगार व्यवसायी संघ | | - जुलाइ २०१५ |

## नमूना कार्यक्रम परिचालनको निम्ति रणनीतिक सुझावहरु

प्रस्तावित नमूना कार्यक्रमको सहज र प्रभावोत्पादक परिचालनको निम्ति निम्न उल्लिखित रणनीतिक सुझावहरु प्रस्तुत गरिएको छ ।

१. **आप्रवासी महिलाहरुको सरोकारप्रति जि.वि.स., नगरपालिका तथा गा.वि.स.को रणनीतिक संलग्नता:** आप्रवासी महिला कामदारहरुको आर्थिक सुरक्षा, उनीहरु उपर हुने हिंसाको न्यूनीकरण तथा सुरक्षित आप्रवासन सुनिश्चित गर्नको निम्ति स्थानीय शासनको "नियन्त्रणात्मक" भन्दा "सहजीकरणात्मक" प्रवेश नै उत्तम नतिजामूलक हुनेछ । जसले गर्दा स्थानीय निकायहरुले आफुप्रति आप्रवासी महिला कामदारहरुको विश्वास जित्नेछन् ।

- "सहजकर्ता" को रुपमा स्थानीय निकायहरुको क्षमता अभिवृद्धि सचेतना कार्यक्रमको समयमा नै गरिनु पर्ने हुन्छ ।

२. **श्रम-डेक्सको स्थापना, श्रम-डेक्स पदाधिकारीको मनोनयन र कार्यविवरण:** स्थानीय निकायहरुको स्वामित्व सुनिश्चित गरी नमूना कार्यक्रमको सहज परिचालन गर्न श्रम-डेक्सहरुको स्थापना जि.वि.स., नगरपालिका तथा गा.वि.स.मा गरिनेछ । जि.वि.स.को श्रम-डेक्स सामाजिक विकास महाशाखा अन्तर्गत राखिनेछ ।

- श्रम-डेक्स पदाधिकारीको मनोनयन स्थानीय निकायहरुमा विद्यमान कर्मचारीहरु मध्येबाट नै गरिनेछ, जसले आप्रवासी महिला कामदारका सरोकारको कार्यभार संभाल्नेछन् ।
- श्रम-डेक्स पदाधिकारीले कार्यभार संभाल्नु अघि उनलाई नमूना कार्यक्रम मार्फत छोटो समयको लघुप्रशिक्षण दिइनेछ ।

३. **तथ्याङ्क संकलन गर्न सामाजिक परिचालकहरुको नियुक्ति:** स्थानीय निकायहरुसंगको परामर्शमा सुझाव आए अनुरुप, तथ्याङ्क संकलन तथा तथ्याङ्क नवीकरण गर्न सामाजिक परिचालकहरु नियुक्ति गरिनु पर्ने सन्दर्भमा,

- हाल आंशिकरुपमा नियुक्त सामाजिक परिचालकहरुलाई पूर्णकालीन नियुक्ति गरिनु पर्ने र त्यसै अनुरुप उनीहरुको कार्यभार तथा तलबमान पूर्णकालीन बनाइनु पर्ने ।
- सामाजिक परिचालकहरु माझ लैङ्गिक सन्तुलन रहनु पर्ने ।
- जसमा पुरुष सामाजिक परिचालकहरुले विशेषत: "लैङ्गिक हिंसाको प्रतिरोध गर्न पुरुषहरुको परिचालन र संलग्नता" गराउने तथा महिला सामाजिक परिचालकहरुले आप्रवासी महिला कामदारहरुका विशेष तथ्याङ्कहरु संकलन गर्ने,जस्तै, महिला विरुद्धको हिंसा, प्रजनन स्वास्थ्य, ईत्यादि ।

४. **आप्रवासनका विभिन्न चरणमा हुने आप्रवासी महिला विरुद्धको हिंसालाई सम्बोधन गर्ने:**
आप्रवासनको क्रममा घरपरिवारको परिवेषबाट बाहिरिए पछि मात्र आप्रवासी महिला कामदारहरुप्रति हिंसाको जोखिम हुन्छ भन्ने साधारण सोंचाइको विपरीत आप्रवासी महिला कामदारहरु घरभित्र नै हिंसाको जोखिममा रहेको तथा घरेलु हिंसा नै अत्यधिक आप्रवासी महिलाहरुलाई वैदेशिक रोजगारमा अभिप्रेरित गर्ने कारक-तत्व रहेको पाइयो । स्थानीय निकायहरुसंगको परामर्शको क्रममा उजागर भए अनुसार, गाँउघरमा आउने गैरकानुनी श्रम दलालहरुको निशानामा पर्ने विशेषत: बहुविवाह वा परित्याग जस्तो घरेलु हिंसामा परेका अति गरिब महिलाहरु नै हुन्छन् । साथै धेरैजसो महिलाहरु आफ्ना पतिहरुबाट हुने शारीरिक, भावनात्मक तथा यौनजन्य हिंसाबाट उन्मुक्ति पाउन पनि आप्रवासनको बाटो रोज्दछन् । त्यसैले आप्रवासी महिला विरुद्धको हिंसा न्यूनीकरण गर्न निम्न रणनीतिक सुझावहरु गरिन्छ ।

- **लक्षणको पहिचानः** घरेलु हिंसा प्रायःजसो घरभित्रको नीजि परिवेशमा हुने हुनाले सजिलैसंग नदेखिने वा थाह नपाइने हुन्छ । घरेलु हिंसा पहिचान गर्न गाह्रो भएता पनि यसको पहिचान गर्न अनिवार्य हुन्छ । त्यसैले सामुदायिकस्तरमा घरेलु तथा अन्य महिला विरुद्धको हिंसाको लक्षण पहिचान गर्न वडा नागरिक मञ्च, वडा निगरानी समिति तथा सामुदायिक सतर्कता समुहको सक्रियता हुन जरुरी हुन्छ । साथै महिला विरुद्धको हिंसा रोकथाम गर्न निम्न प्रकारका बहुपक्षीय सम्बोधनको खाँचो पर्दछ ।
- **निरोधात्मक पहलः**

o परिवारिक तथा दाम्पत्य परामर्श र सरसल्लाहः घरेलु हिंसाका मुख्य पीडक पतिहरु नै भएको पाइएकोले, आप्रवासन पूर्व तथा पुनरागमन पश्चातको अवस्थामा पति पत्नीलाई साथै राखेर दाम्पत्य-परामर्श गरिनु नै निरोधात्मक पहलको पहिलो पाइलो हो ।

o अभिमुखीकरण प्याकेजमा समावेशः आप्रवासनका विभिन्न चरणमा हुने महिला विरुद्धको हिंसाबारे सचेतना आप्रवासनको पूर्व तयारी अभिमुखी प्याकेजमा समावेश गर्ने, साथै माथि उल्लिखित दाम्पत्य-परामर्श पनि यसको एक अभिन्न अंगको रुपमा राख्ने ।

o आप्रवासनको अवस्थामा अनुगमनः नेपाली आप्रवासी महिलाहरुको सुरक्षा तथा उनीहरुको संरक्षण राज्यको दायित्व हुन जान्छ । तर महिलाहरु विशेषतः गैरकानुनी बाटोबाट आप्रवासन तर्फ लाग्ने हुनाले केन्द्रीयस्तरमा आप्रवासी महिलाहरुको तथ्याङ्क छैन । यस सन्दर्भमा आप्रवासी महिला कामदारबारे जानकारी लिन सकिने सरकारी निकाय भनेकै वडा/गा.वि.स. तथा वडा/नगरपालिका नै हो । तसर्थ आफ्ना नागरिकको रुपमा आप्रवासी महिला कामदारको सुरक्षा र संरक्षणको अनुगमन पनि यिनै स्थानीय निकायहरुको जिम्मेवारी बन्न जान्छ । अत्यधिक नेपाली आप्रवासी महिला कामदारहरु खाँडी मुलुकहरुमा घरेलु कामदारको रुपमा "सेवा-शुश्रुषाजन्य क्रियाकलाप" मा संलग्न रहेका छन्, जुन मुलुकहरुमा "कफाला" नामक एक विशिष्ठ किसिमको घरेलु श्रम प्रणाली विद्यमान छ । यस "कफाला" प्रणालीमा घरेलु कामदारहरु बढी मात्रामा मानव अधिकार र श्रम अधिकारको जोखिममा पर्दछन् । यस्ता जोखिममा परेका महिलाहरुको उद्धार तथा स्वदेश फिर्तीको बन्दोबस्त पनि गरिनु पर्ने हुन्छ ।

  - आप्रवासनको स्थितिमा अनुगमन दुई तहबाट हुन सक्तछ - केन्द्रीयस्तरमा वैदेशिक रोजगार विभागबाट तथा स्थानीयस्तरमा गा.वि.स.बाट । प्रभावकारी अनुगमनको निम्ति केन्द्रीयस्तरबाट संकलित जानकारी र स्थानीयस्तरबाट संकलित जानकारी एकआपसमा बराबर आदानप्रदान हुन जरुरी छ । वैदेशिक रोजगार विभागले राजदूतावास तथा श्रम सहचरी/महिला सहचरीहरुबाट प्राप्त गरेको जानकारी जि.वि.स., नगरपालिका तथा गा.वि.स.का "श्रम डेस्क" सम्म पुग्नु पर्ने हुन्छ । साथै नगरपालिका तथा गा.वि.स.मा "श्रम डेस्क" मार्फत आप्रवासनमा रहेका महिलाहरुसंग प्रत्यक्ष जानकारी लिन तथा आप्रवासी महिला कामदारहरुका घरपरिवारबाट जानकारी प्राप्त गर्न सकिनेछ र सो जानकारी वैदेशिक रोजगार विभागमा दिनु पर्ने हुन्छ । जानकारी प्राप्त गर्न अन्तर्राष्ट्रिय मानव अधिकार संगठनहरु तथा महिलाहरुको सुरक्षित आप्रवासनको निम्ति भर्खरै स्थापित दक्षिण एशिलायी "सार्क कोर समुह"को सहयोग पनि लिन सकिन्छ ।

- **उपचारात्मक पहलः**

o अस्थायी सुरक्षासेवा गृहः महिला विरुद्धको हिंसामा परेका कतिपय आप्रवासी महिलालाई अस्थायीरुपमा सुरक्षित सेवा गृहको आवश्यकता पर्दछ । यस्तो अवस्थामा महिला तथा बालबालिका कार्यालयले संचालन गरको सेवा गृहबाट यी महिलाहरुलाई राहत दिन सकिन्छ ।

o मनोसामाजिक परामर्शः हिंसाको शिकारमा परेका आप्रवासी महिलाहरुलाई घरपरिवार तथा समाजमा पुनःएकीकरण हुन मनोसामाजिक परामर्शको जरुरी पर्दछ । त्यसैले मनोसामाजिक परामर्श सेवा आवश्यता परेका आप्रवासी महिला कामदारलाई प्राप्त गराइनु पर्दछ ।

- o <u>ओ.सि.एम.सि. सेवा:</u> केही जिल्लाहरुमा हिंसामा परेका महिलाहरुलाई जिल्ला अस्पताल अथवा क्षेत्रीय अस्पतालमा रहेको "एकस्थलीय आपदकालीन व्यवस्थापन केन्द्र" अर्थात ओ.सि.एम.सि.ले एकीकृत सेवा दिँदै आएको छ । सबै जिल्लाहरुमा यस्ता केन्द्रहरुको स्थापनाको साथै यी केन्द्रहरु हिंसामा परेका आप्रवासी महिलाहरुको बहुपक्षीय आवश्यकताको परिपूर्ति गर्न मानवीय समसाधन तथा भौतिक पूर्वाधार सम्पन्न गराइनु पर्दछ ।

- **दण्डात्मक तथा सुधारात्मक पहल:**
  - o <u>उत्पीडकलाई सजाय:</u> आप्रवासी महिला उपर हिंसा गर्ने कुकर्मीलाई सजाय गर्न जिल्ला प्रहरी कार्यालय तथा जिल्लास्तरीय कानुनी सेवा उपलब्ध गराइनु पर्दछ ।
  - o <u>सम्पत्तिमा अधिकारको सुनिश्चितता:</u> धेरै आप्रवासी महिलाहरु पतिद्वारा परित्यक्त जस्तो घरेलु हिंसामा परी सम्पत्ति विहिन अवस्थामा बालबच्चाको देखरेख र भरणपोषण एकल अभिभावकको रुपमा बहन गर्न व्याध्य भएको पाइयो । यस्तो अवस्थामा स्थानीय शासनले यी महिलाहरुको सम्पत्तिमा अधिकार सुनिश्चित गरिदिनु पर्दछ । तथापि, बालबच्चा नभएका महिलाहरुको पनि सम्पत्तिमा अधिकार हुँदछ ।
  - o <u>नागरिकता/राष्ट्रियताको अधिकारको सुनिश्चितता:</u> यौनजन्य हिंसाका शिकार भएका केही आप्रवासी महिलाहरुका बालबच्चा पैतृत्व प्रमाणको अभावमा राज्यविहीन अवस्थामा रहन्छन् । यस्तो अवस्थामा आप्रवासी महिलाहरुले आफुले जन्माएका सन्तानहरुलाई नागरिकता/राष्ट्रियता प्रदान गर्ने अधिकार पाउनु पर्दछ ।

**५. आप्रवासन पूर्व तयारी तालिमहरु:**

- सामाजिक परिचालकहरुको हस्ते-पुस्तिकाको कार्यान्वयन यथाशीघ्र गरिनु पर्ने ।
- वडा नागरिक मञ्च, वडा निगरानी समिति तथा सामुदायिक सतर्कता समुहहरुको सकीयतामा सम्भाव्य आप्रवासी महिला कामदारहरुको पहिचान गरी यी महिलाहरुलाई श्रम-डेस्कमा आफ्नो नाम दर्ता गर्न सहजीकरण गर्ने ।
- विद्यमान मानवीय तथा संस्थागत श्रोतहरुको प्रभावकारी परिचालनको निम्ति नजिक रहेका ५-६ वटा गा.वि.स.हरुले पूर्व तयारी तालिमहरु एकै ठाँउमा संचालन गर्न सक्दछन् । सम्भाव्य आप्रवासी महिलाहरुको निकटता तथा पहुँचको ख्याल राखी यस्ता तालिमहरु गा.वि.स.हरुले आलोपालो गरी सम्पन्न गराउन सक्दछन्।
- संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको जिल्ला स्थरीय "लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण" तालिम पश्चात, स्थानीय विकास अधिकृत, सामाजिक विकास अधिकृत, नगरपालिकाका कार्यकारी अधिकृत तथा गा.वि.स. सचीवहरुले तालिमहरुमा श्रोत व्यक्तिको कार्य सम्पादन गर्न सक्नेछन् । साथै मिरेस्ट नेपालले तयार पारेको जानकारी पुस्तिकामा अभिमुखीकरण तालिम पाए पछि वडा नागरिक मञ्च पनि वडास्तरमा पूर्व तयारी तालिम दिन सक्षम हुनेछ ।
- साथै महिला विरुद्धको हिंसा तथा महिलाको आर्थिक सशक्तिकरणबारे महिला विकास अधिकृतले श्रोत व्यक्तिको भूमिका निर्वाह गर्न सक्नेछन् ।
- आप्रवासनमा गरेका अनुभवहरु आदानप्रदान गर्न तथा शीप र भाषाको तालिम दिन आप्रवासनबाट फर्केका "पौरखी आप्रवासी महिला समुह" हरुलाई परिचालन गर्नु पर्दछ ।
- "आप्रवासी वचतको प्रवर्तन तथा वैकल्पिक लगानी" नमूना कार्यक्रमको दृष्टान्त नकल गर्न सि.एम.एफ. नेपालसंग निम्न विषयहरुमा सहकार्य गर्ने:

- o बेरोजगार बीमा, वृत्तिय तथा व्यवसायीक साक्षरता, विप्रेषण स्थानान्तरण जस्ता वृत्तिय वस्तु तथा सेवा आप्रवासी महिलाहरुलाई प्रदान गर्न स्थानीय महिला सहकारीहरुको क्षमता अभिवृद्धि गर्न ।
- o यी महिला सहकारीहरुलाई वाणिज्य बैंक तथा विप्रेषण निकायहरुसंग आवद्ध भई वृत्तिय मध्यस्थको रुपमा स्थानीय तहमा विप्रेषण सेवा प्रदान गर्न नीतिगत छलफल तथा सरकारी अनुमतिको प्राप्त गर्न ।

**६. आप्रवासी महिला तथा आप्रवासी परिवारका महिलाहरुको आर्थिक सुरक्षा सुनिश्चित गर्दै महिलाहरुको आर्थिक सशक्तीकरण तर्फ उन्मुख कार्य गर्नेः**

- उद्यमशीलता विकासको निम्ति आप्रवासी महिला तथा आप्रवासी परिवारका महिलाहरुको पहिचान गरी ईफाद र यूएन् ओमनको "आप्रवासी महिला कामदारहरुको आर्थिक सुरक्षा" परियोजनाका साभ्केदारहरुसंगको समन्वयमा तालिम प्रदान गर्ने ।
- उद्यमशीलताको विकास गर्दा आप्रवासी महिलाहरुले वैदेशिक रोजगारबाट सिकेर ल्याएका "सामाजिक विप्रेषण" को प्रयोग गर्ने जसले गर्दा उनीहरुमा रहेको मानवीय पूँजी (ज्ञान र शीप) को प्रयोगबाट उनीहरुको व्यवसायमा गुणनात्मक प्रभाव पर्नेछ ।
- "आप्रवासी महिला कामदारहरुको आर्थिक सुरक्षा" परियोजनाद्वारा सन् २००९-२०११ मा उद्यमशीलता हासिल गरी व्यवसाय संचालन गरिरहेका उद्यमीहरुलाई "आप्रवासी महिला वचत तथा ऋण सहकारी" मा उत्तिर्ण नभएसम्म उनीहरुलाई प्राविधिक, वृत्तिय तथा व्यवसायीक सहयोगमा निरन्तरता दिने ।
    - o "आप्रवासी महिला वचत तथा ऋण सहकारी" को परिचालन गर्दा महिला तथा बालबालिका कार्यालयसंगको साभ्केदारीमा गर्ने ।
- ईफाद र यूएन् ओमनको "आप्रवासी महिला कामदारहरुको आर्थिक सुरक्षा" परियोजनाले सिकाएको पाठ अनुसार आर्थिक सशक्तीकरण हुँदैमा महिला विरुद्धको हिंसा स्वतः न्यूनीकरण नहुने रहेछ ।
    - o त्यसैले महिला विरुद्धको हिंसाबारेको जानकारी उद्यमशीलता विकासको तालिम प्याकेजमा समावेश गर्ने ।
    - o साथै आप्रवासी महिला उद्यमीहरुलाई उनीहरु विरुद्धको हिंसाको "सामुहिकरुपमा प्रतिकार गर्न" सामाजिक सशक्तीकरण पनि साथसाथै गर्ने ।
- साधारणतया आप्रवासी महिला कामदारहरुको व्यक्तिगत विप्रेषण निकै नै सानो परिमाणको हुन्छ । जो ठूलो परिमाणको आम्दानी हुने उद्यममा लगानी गर्नको लागि ज्यादै नै कम हुन जान्छ । त्यसैले उनीहरुको ससाना परिमाणका व्यक्तिगत विप्रेषणको सामुहिक लगानीबाट "सामुहिक उद्यम" को स्थापना गरिएमा आप्रवासी महिलाहरुको ससाना परिमाणको विप्रेषणमा गुणनात्मक वृद्धि हुन गई उनीहरुको आम्दानीमा बढौती गर्न सकिन्छ ।
- साथै नेपाल भौगोलिक तथा सांस्कृतिक विभिद्ताको धनी देश हो । यस विभिद्ताको फायदा उठाई कृषि, हस्तकला तथा अन्य वस्तुहरुको उत्पादन "एक गाँउ एक वस्तु" वा "एक जिल्ला एक वस्तु" को राष्ट्रिय अभियानलाई साथ लिई "पौरखी आप्रवासी महिला उद्यमशीलता तथा उद्योग" को विकास र प्रवर्तन गर्न सकिनेछ । उदाहरणको लागि सुन्सरी जिल्लाको पंचकन्या गा.वि.स. मा उत्पादित ढाका कपडाको आन्तरिक माग निकै ठूलो छ तर आवश्यक पूँजीको अभावमा ठूलो उद्योगमा लगानी गरी माग अनुरुप आपूर्ति गर्न सकिएको छैन । यस्तो अवस्थामा "सामुहिक लगानी" र "सामुहिक उद्यम" को अवधारणालाई मूर्तरुप दिन सकिन्छ ।